# मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना
# २०७८

सुदूरपश्चिम प्रदेश
नेपाल

विषयसूचिः

पृष्ठभूमिः ........................................................................................ ३
कार्ययोजनाको उदेश्य ........................................................................ २
कार्ययोजना निर्माण प्रक्रिया ................................................................. २
मनसुन पुर्वतयारी तथा प्रतिकार्य योजना २०७८ को मूल आधार ................................ ३
मनसुन जन्य जोखिमको अवस्था र पुर्वानुमानः ................................................ ४
बाढी तथा डुबान ............................................................................... ४
पहिरो ............................................................................................. ६
पानीजन्य अन्य जोखिम ........................................................................ ९
कोभिड-१९ ....................................................................................... ९
मनसुन पुर्वतयारी तथा प्रतिकार्यकालागि वित्तिय व्यवस्थापन ..................................१०
सुचना संप्रेसण तथा समन्वयः ................................................................१०
प्रदेश स्थित सरोकारवालाहरु .................................................................. ११
विपद् प्रतिकार्य ढाँचाः .........................................................................१२
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय.........................................................१३
बिषयगत क्षेत्र: स्वास्थ्य, शिक्षा, संरक्षण तथा सामाजिक सुरक्षा (Health, Education, Protection and Social Security) ........................................................ १४
बिषयगत क्षेत्र: खोज तथा उद्धार, आपतकालीन सञ्चार, बन्दोबस्ती (Search and Rescue, Emergency Communication and Logistics) ........................................१५
अगुवा सरकारी निकायः आन्तरिक मामिला तथा कानुन मन्त्रालय...................................१५
बिषयगत क्षेत्रः खानेपानी, सरसफाइ, शिविर समन्वय तथा शिविर व्यवस्थापन, आपतकालीन आश्रयस्थल (WASH, Camp Coordination and Camp Management)...............१६
अगुवा सरकारी निकायः भौतिक पूर्वाधार विकास मन्त्रालय .......................................१६
बिषयगत क्षेत्रः खाद्य सुरक्षा तथा पोषण -Food Security and Nutretion)....................१७
बिषयगत क्षेत्रः शीध्र पुर्नलाभ (Early Recovery) ............................................ १८
प्रदेश आपतकालिन कार्यसञ्चालन केन्द्र ........................................................१९
सिमितता तथा सुझावहरुः....................................................................... २०

**<u>अनुसूचिहरुः</u>**

**अनुसूचि १:** जिल्ला तथा नगर/गाउँपालिका स्थित मुख्य सम्पर्क व्यक्तिहरु

**अनुसूचि २:** बिषयगत क्षेत्र- संरक्षण, स्वाश्थ्य तथा पोषणको मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना

**अनुसूचि ३:** बिषयगत क्षेत्र- शिविर समन्वय तथा शिविर व्याबस्थापनको मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना

**अनुसूचि ४:** बिषयगत क्षेत्र- आपतकालिन आश्रय स्थल तथा गैह्र खाद्य समाग्रीको मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना

**अनुसूचि ५:** बिषयगत क्षेत्र- शिघ्र पुर्नलाभको मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना

**अनुसूचि ६:** बिषयगत क्षेत्र- खानेपानी सरसफाई तथा स्वच्छताको मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना

**अनुसूचि ७:** बिषयगत क्षेत्र- खोज उद्धार तथा आपतकालिन सञ्चारको मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना

## पृष्ठभूमिः

प्रदेशको नामः सुदूरपश्चिम प्रदेश

जिल्ला संख्याः ९ वटा

(बाजुरा, बझाङ, दार्चुला, बैतडी, डडेल्धुरा,

कञ्चनपुर, कैलाली, डोटी र अछाम)

उपमहानगरपालिकाः १

नगरपालिकाः ३३

गाउँपालिकाः ५४

क्षेत्रफलः १९५३९ वर्ग कि.मी (१३.२७ प्रतिशत)

जनसंख्याः २५,५२,५१७ (कुल जनसंख्याका ९.६३ प्रतिशत)




*चित्र १: सुदूरपश्चिम प्रदेशको नक्सा*

यो प्रदेश विपद्को हिसावले उच्च जोखिममा रहेको छ । मनसुनी वर्षा, कमजोर भौगर्भिक बनावट आदि कारणबाट मनसुनको समयमा वाढी, पहिरो लगायत अन्य पानीजन्य विपद्का कारण ठूलो जनधनको क्षति हुने गरेको छ । पहाडका फेदीहरू र तराईमा जलाधारक्षेत्रबाट बगेर आएको बालुवा तथा ग्रावेल थुप्रिने तथा नदी कटानले बस्ती, योग्य जमिन र कृषियोग्य जमिन नष्ट भइरहेका छन् । कर्णाली र महाकाली नदी एवम् यसका सहायक नदी र महाभारत तथा चुरे क्षेत्रवाट उत्पति भएका नदीनालाहरुले ल्याउने बाढी तथा डुबानबाट विशेषगरी कैलाली र कन्चनपुर जिल्ला बढी प्रभावित हुने गरेका छन् । जमिन कटान र भूक्षय, भूस्खलनको हिसाबले पहाडी जिल्लाहरु पनि प्रभावित हुने गरेका छन् । यस प्रदेशको "मनसुन पूर्बतयारी तथा प्रतिकार्य योजना २०७८" निर्माणका लागि गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको विपद् पोर्टलको वि.स. २०६८ देखि २०७७ सम्मको तथ्याङ्कहरु विश्लेषण गर्दा यस प्रदेशमा मुख्य प्रकोपहरुको घटना र यस्ता घटनाहरुको पुनरावृत्तिका आधारमा क्रमशः पहिरो, बाढी, महामारी, भारी वर्षा जस्ता प्रकोपहरु रहेका छन् ।

वर्षायाममा हुन सक्ने बाढी, कटान, पहिरो, सडक अबरोध तथा दुर्घटना, झाडापखाला जस्ता प्रकोपहरुलाई दृष्टिगत गरी प्रकोप अगाडि अपनाइने सावधानीका उपायहरु, विपद्को समयमा गरीने खोज तथा उद्धार कार्य, राहत कार्य तथा प्रभावितहरुलाई राहत सङ्कलन साथै विपद् पश्चात गर्न सकिने मानवीय सहयोग एवम् पुनःर्निमाण र पुर्नस्थापनाको क्षेत्रमा गर्न सकिने आधारभूत विषयहरुमा आधारित रही यो वर्षायामका लागि "मनसुन पूर्बतयारी तथा प्रतिकार्य कार्ययोजना २०७८" तयार गरिएको छ । यस कार्ययोजनाले पहिरो र बाढीको सम्भावित क्षति कसरी कम गर्न सकिन्छ, आपतकालीन अवस्थामा कुन कुन निकाय कसरी सक्रिय हुने, आपत्कालिन जोखिम न्यूनीकरण र पूर्व तयारी कसरी गर्ने, घटना हुने बित्तिकै कसरी प्रतिकार्य गर्ने जस्ता विषयमा विभिन्ने जिम्मेवारीहरु तोकेको छ ।

सरोकारवाला निकायहरुसँगको छलफल, प्राविधिक विश्लेषण र विगतको अनुभवको आधारमा जोखिमको आकलन गरेर त्यसको पूर्वतयारी र प्रतिकार्यको स्पष्ट कार्यविभाजन यो कार्ययोजनामा समेटिएको छ । वर्षायामलाई लक्षित गरी प्रदेश स्तरीय विषयगत मन्त्रालयहरु स्वयम्ले बनाएको योजनालाई समेत आधार मानी यो कार्ययोजना तयार गरिएको हो ।

यस योजना तयार गर्दा विपद् जोखिम न्यूनीरकण तथा व्यवस्थापन ऐन २०७४, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली २०७६, राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा २०७० (संसोधन २०७५), विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन (संसोधन २०७६ प्रदेश विपद् व्यवस्थापन ऐन २०७५ले निर्दिष्ट गरेका विषयहरुलाई आधार मानिएको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको विपद् पोर्टलको २०६८ देखि २०७७ सम्मको तथ्याङ्कको आधारमा विश्लेषण गर्दा यस प्रदेशमा वर्षायाममा मुख्य प्रकोपहरू क्रमशः बाढी, पहिरो, भारी वर्षा र महामारी रहेका छन् । उल्लेखित प्रकोपहरूको विश्लेषण तल गरिएको छ ।

## कार्ययोजनाको उदेश्य

यस कार्ययोजनाका मुख्य उद्देश्यहरु निम्न अनुसार रहेका छन् ।

- विपद् जोखिमको तथ्यांकको आधारमा यस वर्षको सम्भावित जोखिम आकलन गर्ने ।
- विपद्वाट प्रभावित हुनसक्ने जनसंख्याको पूर्वानुमान गर्ने र सो का लागि तयारी गर्ने ।
- सम्बन्धित विषयगत क्षेत्रको मनसुन पूर्वतयारी र प्रतिकार्य कार्ययोजना अध्यावधिक गरि एकिकृत गर्ने ।
- विपद् जोखिम न्यूनीकरण र प्रतिकार्यका सम्पूर्ण कृयाकलापहरुलाई प्रभावकारी बनाउने ।
- विपद्को क्षति कम गर्न स्थानिय तहको विपद् व्यवस्थापनलाई सहयोग गर्ने ।

## कार्ययोजना निर्माण प्रक्रिया

यस कार्ययोजना तयार गर्दा निम्न प्रक्रियाहरु अपनाइएको छ :

- बिषयगत मन्त्रालयहरु तथा सहयोगी निकायहरुको प्रारम्भिक बैठक ।
- संघिय तथा प्रादेशिक नीतिगत प्रावधानहरूको अध्ययन विश्लेषण ।
- राष्ट्रियविपद् जोखिमन्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण का प्रकाशित दस्ताबेज तथा विपद् पोर्टलका सूचनाहरुको विश्लेषण ।
- विपद् क्षेत्रसँग सम्बन्धित विज्ञहरुको कार्य टोली निर्माण तथा छलफल ।
- बिषयगत बैठक तथा छलफल ।
- विषयगत क्षेत्रहरुको क्षेत्रगत (क्लस्टर) मनसुन पूर्वतयारी र प्रतिकार्य योजनाका २०७८ निर्माण ।
- क्षेत्रगत (क्लस्टर) मनसुन पूर्वतयारी र प्रतिकार्य योजनाका अध्यन तथा प्रारम्भिक प्रतिवेदन तयारी ।
- विपद् व्यावस्थापनमा कार्यरत संघसंस्था तथा बिषयगत निकायहरु बीच छलफल तथा पृष्ठपोषण ।
- प्रदेश मनसुन पूर्वतयारी र प्रतिकार्य योजनाका २०७८ अन्तिम प्रतिवेदन तयारी ।

## मनसुन पुर्वतयारी तथा प्रतिकार्य योजना २०७८ को मूल आधार

यस मनुसुन पुर्वतयारी तथा प्रतिकार्य योजनाको मूल आधार, गृह मन्त्रालयको विपद् पोर्टल र डरहम विश्वविद्यालयको बैज्ञानिक तथ्याङ्कको आधारमा यस वर्ष प्रदेश भित्रका विभिन्न जिल्लाहरुमा विपद्बाट प्रभावित हुनसक्ने अनुमानित जनसंख्या २२३४४५ (पहिरोः २४१२९, वाढिः १९९३१६)का लागि व्यवस्थित पुर्वतयारी तथा प्रतिकार्य गर्नु रहेको छ । साथै सो कार्यका लागि प्रदेशिक विपद् व्यवस्थापन योजना २०७७ मा उल्लेख भए अनुसारको विषयगत क्षेत्र अवधारणा (clusters approach) कार्यन्वयनलाई प्रादेशिक मन्त्रालयहरुको नेतृत्व, संयुक्त राष्ट्र संघिय एकाईहरु, रेडक्रस तथा अन्य गैर सरकारी संस्थाहरुको सह नेतृत्व र सहयोग रहने गरी सबै क्षेत्रका सरोकारवालाहरुको सहभागितामा कार्यान्वयन गर्नु रहेको छ । यस प्रदेशमा मनसुन पुर्वतयारी तथा प्रतिकार्यकालागि तपशिल बमोजिमको विषयगत क्षेत्र यसै वर्ष देखि अभ्यासमा ल्याइएको छ ।

| अगुवा सरकारी निकाय | सहयोगी निकाय | बिषयगत क्षेत्र (Cluster) |
|---|---|---|
| सामाजिक विकास मन्त्रालय | WHO/UNICEF/ UNFPA/World Vision | स्वास्थ्य (Health), शिक्षा (Education) संरक्षण तथा सामाजिक सुरक्षा (Protection and Social Security) |
| भौतिक पूर्वाधार विकास मन्त्रालय | UNICEF/ IOM/ Red Cross | खानेपानी, सरसफाइ, (WASH) शिविर समन्वय तथा शिविर व्यवस्थापन (Camp Coordination and Camp Management), आपतकालीन आश्रयस्थल (Emergency Shelter) |
| भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | WFP/FAO/ UNICEF/FMTC | खाद्य सुरक्षा (Food Security), पोषण (Nutrition) |
| आन्तरिक मामिला तथा कानुन मन्त्रालय | WFP/UNDP /FMTC/Red Cross | खोज तथा उद्धार (Search and Rescue), आपतकालीन सँचार (Emergency Communication), बन्दोबस्ती (Logistics), विषयगत क्षेत्र समन्वय (Cluster Coordination) |
| उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय<br>भौतिक पुर्वाधार विकास मन्त्रालय | UNDP/ Red Cross | शीध्र पुर्नलाभ (Early Recovery) |

श्रोतः सुदर पश्चिम प्रदेस विपद् व्यावस्थापन योजना २०७७

## मनसुन जन्य जोखिमको अवस्था र पुर्वानुमानः

जल तथा मौसम विज्ञान विभागले पूर्वानुमान गरे अनुसार यस वर्षको वर्षा गत वर्षहरूका तुलनामा औसत भन्दा बढी हुने देखिन्छ। SASCOF र नेपाल मनसुन फोरमले, यस वर्ष मध्य र उच्च हिमाली भागहरुमा सामान्य मनसुन भन्दा माथि हुन सक्ने, मध्य दक्षिणी र पुर्वी नेपालमा सामान्य मनसुन हुन सक्ने र दक्षिणी पूर्वी भागहरुमा सामान्य मनसुन भन्दा माथि हुन सक्ने पूर्वानुमान गरेको छ। यस विश्लेषणका आधारमा पनि यस वर्षको मनसुनमा विपद्का घटनाहरुमा उल्लेख्य वृद्धि हुने आकलन गर्न सकिन्छ। यस वर्षको मनसुनी पूर्वानुमान तलको चित्रमा प्रस्तुत गरिएको छ।




चित्र २: SASCOF र नेपाल मनसुन फोरमको सन् २०२१ को मनसुनी पूर्वानुमान

यस वर्ष साउनको दोस्रो र तेस्रो साता बाढी, पहिरो लगायत पानी जन्य अन्य विपद् एकै पटक खप्टिने सम्भावना देखिएको छ। कोभिड १९ पनि यति बेला नै उत्कर्ष (Peaking) मा पुग्ने आकलन गरिएको छ। नेपालमा मनसुन जन्य विपद्हरुमा मुख्यतया तराई क्षेत्रमा बाढी तथा डुवानको समस्या हुने गर्दछ भने पहाडी क्षेत्रमा पहिरोको उच्च जोखिम रहेको पाइन्छ। मनसुन सँग-सँगै पानी जन्य जोखिमहरु जस्तै झाडापखाला, कालाज्वर, हैजा, प्लेग, डेंगु, इन्फुलुएञ्जा, फ्लू, लगायत प्रमुख महामारीका रुपमा रहेका छन भने यस वर्ष कोभिड १९को जोखिम पनि उच्च रहेको छ।

## बाढी तथा डुबान

यस प्रदेशमा बाढी र डुबान ठूलो प्रकोपको रुपमा रहेको छ। महाकाली, कर्णाली एवम् यसका सहायक नदीहरुले ल्याउने बाढी तथा डुवानका घटना वर्षेनी दोहरीने गरेको पाइन्छ। तराई जिल्लामा बाढीको असर बढी हुने देखिएको छ। विगत १० वर्षको तथ्यांक अनुसार १४६ वटा बाढीका घटनाहरु भएको र जसले गर्दा ६७ जना मानिसको मृत्यु भएको थियो भने २२ जना घाइते र ४९ जना वेपत्ता भएका थिए।

**तालिका १: वि.सं.२०६८ देखि २०७७ साल सम्म भएका बाढीका घटना विवरण**

| मिति अवधि | घटना | घटना संख्या | मृत्यु | वेपत्ता | घाईते | प्रभावित परिवार | घर क्षति | | गोठ क्षति | पशुचौपाया क्षति | अनुमानित क्षति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | आंशिक | पूर्ण | | | |
| वि.सं २०६८ देखि २०७७ सम्म | बाढी | १४६ | ६७ | ४९ | २२ | | ३१८७ | ३९० | | ७६ | |

*स्रोत:विपद् पोर्टल -bipadportal.gov.np)*

सन् २०१० देखि २०२० सम्म गृह मन्त्रालयको DRR पोर्टल, विपद् पोर्टल र DOI-DWIDM / WFP को तथ्याङ्क आधारमा गरिएको बाढीको केसलोड अनुसार कैलाली र *कञ्चनपुर* जिल्लामा बसोबास गर्ने जनसंख्या प्रभावित हुने देखिन्छ ।

***तालिका २: सन् २०२१ मनसुनको लागि बाढी केस लोड अनुमान***

| जिल्ला | कुल केस लोड (जनसंख्या) |
|---|---|
| **कैलाली** | ९१,६७१ |
| **कञ्चनपुर** | १०७,६४५ |
| **जम्मा** | १९९३१६ |

पानीको उच्च बहावका कारण गाउँ बस्तीमा बाढी (Floods), डुबान (Inundation), कटान (Bank Cutting), पटान (Sand Deposition) को जोखिम उच्च बनाइदिएको छ । कैलाली, बझाङ, बाजुरा , कञ्चनपुर जिल्लामा बाढीका घटना बढी घटेको देखिन्छ भने मानवीय क्षति बझाङ, कैलाली र बाजुरा जिल्लामा भएको देखिन्छ । गत वर्षमा घटेका बाढीको घटनाहरूको मात्र तथ्यांक हेर्दा, मनसुनको समयमा विशेषत: असार, श्रावण महिनामा अत्याधिक बाढीका घटनाहरू घटेको देखिन्छ । विगत दश वर्षमा बाढीका कारण भएका भौतिक क्षतिको तथ्यांक अनुसार २०७०, २०६८, २०७३ र २०७७ सालमा बाढीका घटना धेरै भएको देखिन्छ । जिल्ला अनुसार भएका बाढीका घटना र क्षति, वार्षिक रूपमा भएका बाढीका घटना तथा मृत्यु संख्या र बाढीका कारण भएको अनुमानित क्षति चित्र नं २, ३ र ४ मा क्रमश: प्रस्तुत गरिएको छ ।




चित्र २: जिल्ला अनुसार भएका बाढीका घटना र क्षति




चित्र ३: वार्षिक रुपमा भएका बाढीका घटना तथा मृत्यु




चित्र ४: बाढीका कारण भएका अनुमानित क्षति




चित्र ५ : बाढीका कारण भएका मानविय क्षति
स्रोत:विपद् पोर्टल *(bipadportal.gov.np)*

## पहिरो

पहिरोको घटना र यसको पुनरावृत्ति सम्बन्धी तथ्याङ्कलाई विश्लेषण गर्दा यस प्रदेशमा पहिरोको उच्च जोखिम रहेको छ । विपद् पोर्टलको २०६८ देखि २०७७ सम्मको तथ्याङ्कलाई विश्लेषण गर्दा यस अबधिमा प्रदेशभरी १६० वटा पहिरोका घटना घटेको र ९१ जना मानिसको मृत्यु भएको थियो भने ७३ जना घाईते भएका थिए ।

तालिका ३: २०६८ साल देखि २०७७ सम्म भएको पहिरोको घटना विवरण

| मिति अवधि | घटना | घटना संख्या | मृत्यु | वेपत्ता | घाईते | प्रभावित परिवार | घर क्षति | | गोठ क्षति | पशु चौपाया क्षति | अनुमानित क्षति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | आंशिक | पूर्ण | | | |
| वि.सं. २०६८ - २०७७ सम्म | पहिरो | १६० | ९१ | ६ | ७६ | | ५१ | ११३ | | २१९ | ८६,६१७,६५८ |

स्रोत:विपद् पोर्टल *(bipadportal.gov.np)*

डरहम विश्वविद्यालयको वैज्ञानिक विश्लेषणका आधारमा यस प्रदेशको बाजुरा, बझाङ, अछाम, जिल्लाका भू-भागहरु पहिरोको उच्च जोखिमपूर्ण क्षेत्र भनी पहिचान गरिएको छ । यस प्रदेशको पहिरोको जोखिम नक्सांकन तलको नक्सामा प्रष्ट्याइएको छ ।




**चित्र ६ वडा स्तरीय पहिरो जोखिम नक्शा / स्रोत:विपद् पोर्टल** *(bipadportal.gov.np)*

सन् २०१० देखि २०२० सम्म गृह मन्त्रालयको पोर्टल, विपद् पोर्टल र डरहम विश्वविद्यालयको वैज्ञानिक तथ्याङ्कको आधारमा विभिन्न जिल्लामा भारन योग विधि प्रयोग गरेर प्रति जिल्ला केसलोडको अनुसार पहिरोबाट प्रभावित हुने जनसंख्या तल तालिकामा प्रस्तुत गरिएको छ, जसअनुसार क्रमश, बाजुरा, बझाङ, दार्चुला, बैतडी, डडेल्धुरा, कञ्चनपुर, कैलाली, डोटी र अछाममा प्रभाव पर्ने देखिन्छ ।

तालिका ४: सन् २०२१ को लागि पहिरो केस लोड अनुमान

| जिल्ला | प्रति जिल्ला केसलोडको अनुमान (जनसंख्या) |
|---|---|
| अछाम | २,२०२ |
| बैतडी | २,९७२ |
| दार्चुला | ३,२२३ |
| बझाङ | ४,५९५ |
| बाजुरा | ६,१४१ |
| डडेल्धुरा | २,६४७ |
| डोटी | २,३४९ |
| **जम्मा** | **२४१२९** |

विगत १० वर्षको मनुसुनी १०० दिनभित्र घटेका पहिरोका कारण भएका मानवीय क्षतिको तथ्यांक अनुसार दार्चुला, बझाङ, डोटी, बैतडी, र अछाम जिल्लामा बढी मानवीय क्षति भएको देखिन्छ । चित्र ७ मा २०६८ साल देखि २०७७ सालसम्म प्रदेशका जिल्ला अनुसार पहिरोका कारण भएको क्षति र नोक्सानको विवरण प्रस्तुत गरिएको छ । हाल सम्ममा सबैभन्दा बढी पहिरोका घटना र मानवीय क्षति क्रमशः दार्चुला, बझाङ, डोटी, बैतडी, र अछाम जिल्लामा भएको देखिन्छ भने कुल अनुमानित क्षति क्रमशः बैतडी र बाजुरा जिल्लामा भएको छ । पहिरोको कारण २०७० र २०७६ सालमा अनुमानित क्षति बढी भएको थियो भने २०७७, २०७५ र २०७० सालमा पहिरोका घटना धेरै भएको थियो । चित्र ७, ८ र ९ मा विगत दश वर्षमा प्रदेशमा घटेका पहिरोका घटना र त्यसले निम्त्याएको मानवीय क्षतिलाई दर्साउँछ ।




चित्र ७ : २०७७ सालमा भएको बाढीको घटना




चित्र ८ : जिल्ला अनुसार भएका पहिरोको घटना र क्षति




चित्र ९ : वार्षिक रुपमा भएका पहिरो घटना तथा मृत्यु संख्या




चित्र १० : पहिरो कारण भएका अनुमानित क्षति




*चित्र ११ : पहिरोको कारण भएका मानविय क्षति*
*स्रोत विपद् पोर्टल (bipadportal.gov.np)*

## पानीजन्य अन्य जोखिम

मनसुनका बेला पानी र जीवाणुबाट संक्रमण हुने रोगका कारण वर्षेनी धेरैको ज्यान जाने गरेको छ । झाडापखाला, हैजा, कमलपित्त, श्वासप्रश्वास सम्बन्धी रोगबाट बर्सेनी हजारौ मानिसहरू र विशेष गरी बालबालिकाको मृत्यु हुने गरेको देखिन्छ। विगतमा झाडापखाला, कालाज्वर, हैजा, प्लेग, डेंगु, इन्फ्लुएञ्जा, फ्लु, लगायत प्रमुख महामारीका रुपमा रहेका थिए । पानीजन्य रोगहरु तथा सर्पदंशका कारण बर्षेनी ठूलो मानवीय क्षती हुने गरेको छ । दुषित पानीको प्रयोग, जिवाणुहरुको संक्रमण, खाद्य असुरक्षा, सचेतनाको कमि, लगायतका कारण महामारीका घटनाहरु दोहोरिरहेका छन् । पर्याप्त जनचेतनाको कमीका कारण र खानेपानीका स्रोतमा बाढी पसेर पानी प्रदुषित भइ यस्ता घटना हुने गरेका छन । तथ्याङ्कलाई हेर्दा अरु प्रकोपहरु भन्दा महामारीको कारणले धेरै जनाको ज्यान गएको देखिन्छ । साउन, भदौमा सर्प दंशको घटना पनि बढ्छ । यसपाली पनि विभिन्न पानीजन्य रोग र विपद्का घटना हुने अनुमान गरिएको छ ।




**प्रदेशभित्र रहेको पानी जन्य अन्य जोखिमहरुको नक्सांकन** **श्रोत: NDRRMA**

## कोभिड-१९

यस वर्ष वर्षायाममा कोभिड-१९ दोस्रो लहरको संक्रमण पनि उत्कर्षमा पुग्ने बलियो सम्भावना देखिएको छ । बाढी, पहिरो, डुबान लगायतको पूर्वतयारी र प्रतिकार्य कोभिड-१९ले प्रभावित हुने निश्चित छ। उद्दार, पुनर्स्थापना र प्रतिकार्यका अरु क्रियाकलाप कोभिड-१९को सम्भावित संक्रमणबाट जोगिएर गर्नुपर्ने चुनौती छ। डुबान र बाढीको अत्याधिक जोखिम रहेको तराईका जिल्ला नै कोभिड-१९को पनि धेरै जोखिममा छन् । यसरी खप्टिने सबै विपद्हरुसँग तयारीका साथ सामना गर्ने गरि यो कार्ययोजना तयार गरिएको छ ।

## मनसुन पुर्वतयारी तथा प्रतिकार्यकालागि वित्तिय व्यावस्थापन

विपद् जोखिम न्युनिकरण, पुर्व तयारी, प्रतिकार्य तथा अपतकालिन सहयोगकालागि श्रोत परिचालन गर्न सुदूर पश्चिम प्रदेश स्तारमा विपद् कोष रहिआएको छ। आर्थिक वर्ष २०७६/७७ मा रु १५०००००० (रुपैया एक करोड पचास लाख) वाट स्थापना गरिएको उक्त कोषमा आ.व. २०७७/७८मा थप रकम रु २५०००००० (रुपैया दुई करोड पचास लाख) जम्मा गरिएको थियो । हाल प्रदेश विपद् कोषमा मौजुदा वाँकि रकम रु १४८३५०००/- (एक करोड बयालिस लाख पैतालिस हजार) रहेको आन्तरीक मामिला तथा कानुन मन्त्रालयले जनाएको छ । साथै वर्ष २०७८/७९का लागि पनि रकम विनियोजन हुने अनुमान गरिएको छ ।

यस प्रदेसका नौ वटै जिल्लाहरुमा विपद् कोष रहेको छ। उक्त कोषको हालको मौजुदा बिवरण तलको तालिकामा प्रस्तुत गरिएको छ। यसैगरि विभिन्न नगरपालिका तथा गाँउ पालिकाहरुले पनि विपद् कोषको स्थापना र संचालन गरिआएका छन् ।

| क्र.सं | जिल्ला | मौज्दात रकम रु |
|---|---|---|
| १ | कैलाली | ४५६११५८९ |
| २ | कञ्चनपुर | ५६५७२४५.४५ |
| ३ | डडेल्धुरा | १४१५१०९ |
| ४ | डोटी | १८३९०१७ |
| ५ | अछाम | ५०९६६१७ |
| ६ | बैतडी | ९११५५३ |
| ७ | दार्चुला | १४०८४५४ |
| ८ | बझाङ्ग | २७९५६६ |
| ९ | बाजुरा | ९५४७५४ |
| | **जम्मा** | **६३१७३९०४.४५** |

(श्रोत: NDRRMA)

## सुचना संप्रेसण तथा समन्वय:

सुदूर पश्चिम प्रदेस स्तरमा विपद् सम्बन्धि सम्पुर्ण सुचनाहरुको संकलन, विषलेशण तथा सम्प्रेशण गर्न प्रदेश आपतकालिन कार्य संचालन केन्द्र (Provience Emergency Operation Centure-PEOC) स्थापना गरिएको छ । यसले जिल्ला स्थित आपतकालिन कार्यसंचालन केन्द्रहरु DEOC, स्थानिय आपतकालिन कार्य संचालन केन्द्रहरु LEOC तथा केन्द्रिय आपतकालिन कार्यसञ्चालन केन्द NEOC सँग विपद् पुर्व, विपद्को अवस्थामा तथा विपद् पश्चातको अवस्थामाा निरन्तर समन्वय र सुचना आदानप्रदान गर्नेछ। यसको मुख्य कार्य प्रदेश भित्र घटेका घटनाको यथार्थ जानकारी, प्रभावित को अवस्था, स्थानिय र जिल्लागत विपद् प्रतिकार्यको अवस्था, थप जोखिमको पहिचान र सहयोगको आवश्यकता आदि बारेको विवरण प्रदेश निकायहरुलाई जानकारी गर्ने मुख्य कार्य रहिआएको छ।

यस प्रदेस स्थित आन्तरीक मामिला तथा कानुन मन्त्रालयको अगुवाईमा प्रदेश मनसुन पूर्वतयारी तथा प्रतिकार्यका लागि सम्पूर्ण सरोकारवालाहरुसँग समन्वय तथा छलफल गरी सबै क्षेत्रको तयारी निम्न अनुसार गरिने छ।

- विषयगत मन्त्रालयहरुले विषयगत क्षेत्रको अवधारण अनुरुप सम्बन्धित क्षेत्रको अगुवाई गर्ने ।
- सवै विषयगत क्षेत्रहरुको विपद् पुर्व तयारी तथा प्रतिकार्य योजना निर्माणलाई प्राथमिकता दिइने छ।
- मन्त्रालय मातहतका प्रदेश स्तरिय निर्देशनालयहरु तथा निकायहरुले विपद् व्यावस्थापनका लागि अवाश्यक तयारी प्राथमिकताका साथ गर्ने ।

- तिन वटै सुरक्षा निकायहरु (नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाली सेना)ले आफूसँग रहेको क्षमताको लेखाजोखा गरि खोज तथा उद्धार विषयगत योजना निर्माण गर्ने ।
- प्रदेश आपतकालिन कार्यसञ्चालन केन्द्रले विपद् तथा प्रदेश अपतकालिन श्वास्थ्य कार्यसञ्चालन केन्द्रले स्वास्थ्य क्षेत्रको जोखिम, अवाश्यकता तथा खाडल पहिचान गर्ने ।
- निजी क्षेत्रसँगको सहकार्यलाई प्राथमिकता दिने ।
- प्रदेश स्थित गैर सरकारी संस्थाहरुको विपद् व्यावस्थापनको प्रविधि क्षमतालाई उच्चतम सदुयोग गर्ने, विपद् प्रतिकार्यका लागि सहकार्य गर्ने तथा एकद्वार प्रणाली अवलम्बन गर्ने ।

## प्रदेश स्थित सरोकारवालाहरु

सुदूरपश्चिम प्रदेशको विपद् व्यवस्थापन (पूर्वतयारी तथा प्रतिकार्यमा) मुख्यतया तपसिलका सरोकारवालाहरुको प्रमुख भूमिका रहेको पाइन्छ ।

| क्र.सं | सरोकारवाल निकाय | प्रमुख भुमिका |
|---|---|---|
| १ | मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालय | विपद् व्यवस्थापनका लागि श्रोत परिचालत, अनुगमन तथा मुल्याङ्कन, व्यवस्थापन |
| २ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय तथा मातहतका कार्यालयहरु | विषयगत अगुवाई: खोज तथा उद्धार (Search and Rescue), आपतकालीन सँचार (Emergency Communication), बन्दोबस्ती (Logistics), विषयगत क्षेत्र समन्वय (Cluster Coordination) |
| ३ | भौतिक पुर्वाधार विकास मन्त्रालय तथा मातहतका कार्यालयहरु | विषयगत अगुवाई: खानेपानी, सरसफाइ, (WASH) शिविर समन्वय तथा शिविर व्यवस्थापन (Camp Coordination and Camp Management), आपतकालीन आश्रयस्थल (Emergency Shelter) |
| ४ | सामाजिक विकाष मन्त्रालय तथा मातहतका कार्यालयहरु | विषयगत अगुवाई: स्वास्थ्य (Health), शिक्षा (Education) संरक्षण तथा सामाजिक सुरक्षा (Protection and Social Security) |
| ५ | भूमि व्यावस्था, कृषि तथा सहकारी मन्त्रालय तथा मातहतका कार्यालयहरु | विषयगत अगुवाई: खाद्य सुरक्षा (Food Security), पोषण (Nutrition) |
| ६ | उघोग, पर्यटन, वन तथा वातावरण मन्त्रालय तथा मातहतका कार्यालयहरु | विषयगत अगुवाई: शीध्र पुर्नलाभ (Early Recovery) |
| ७ | प्रदेश आपतकालिन कार्यसञ्चालन केन्द्र | विपद्को सुचाना संप्रेषण तथा समन्वय |
| ८ | प्रदेश स्वास्थ्य आपतकालिन कार्यसञ्चालन केन्द्र | स्वास्थ्य क्षेत्रको समन्वय तथा व्यवस्थापन |
| ९ | नेपाली सेना | खोज तथा उद्धार |
| १० | सशस्त्र प्रहरी बल | खोज तथा उद्धार |
| ११ | नेपाल प्रहरी | समन्वय, जनसम्पर्क, खोज तथा उद्धार |

| | | |
|---|---|---|
| १२ | प्रादेशिक अस्पताल | स्वास्थ्य उपचार |
| १३ | नेपाल रेडक्रस सोसाइटी | सूचना सम्प्रेसण र सूचना सङ्कलन, स्वयंमसेवक परिचालन, बन्दोवस्ति |
| १४ | संयुक्त रास्ट्र संघ कार्यालय | साधन श्रोता तथा प्रविधि सहयोग |
| १५ | अन्तरास्ट्रिय गैर सरकारी संस्थाहरु | साधन श्रोता तथा प्रविधि सहयोग |
| १६ | गैर सरकारी संस्थाहरु | सूचना संकलन, सम्प्रेषण तथा स्वयंमसेवक परिचालन |
| १७ | निजी क्षेत्र (उधोग वाणिज्य संघ, यातायात व्यवसायी संघ, बन उपभोक्त संघ आदी) | आवश्यक सामाग्री तथा श्रोत उपलब्धता, साधनहरुको परिचालन |

## विपद् प्रतिकार्य ढाँचाः



# मनसुन पूर्वतयारी तथा प्रतिकार्यका लागि मुख्यमन्त्रीको कार्यालयको भूमिका

## मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय

**पूर्वतयारीका मुख्य क्रियाकलापहरू**

- प्रदेश भित्रका जोखिम युक्त स्थानहरुमा बाढी, डुबान, पहिरो लगायत बहु प्रकोपको आवश्यक पूर्वतयारी गर्न निर्देशन गर्ने ।
- विपद्को समयमा प्रयोग गर्नुपर्ने उपकरण तथा सरसामानहरु तयारी हालतमा राख्न निर्देशन जारी गर्ने ।
- प्रदेश भित्र रहेका सबै क्वारेण्टाईन स्थल, खुला क्षेत्र, सम्बन्धित आश्रय स्थल सम्बन्धी सूचना, लागत एकीकृत गर्ने तथा आवश्यकता अनुसार क्षेत्र व्यवस्थित गरी तयारी हालतमा राख्न लगाउने ।
- प्रदेश भित्र रहेका अत्यावश्यक सामाग्री भण्डार स्थलको निरिक्षण, अवस्था विश्लेष्ण तथा क्षमता विस्तारको योजना निर्माण गरि कार्यान्वयन गर्ने ।
- सबै जिल्ला, स्थानिय तह, प्रदेश स्थित निकायहरु तथा सरोकारवालाहरुलाई मनसुन अगावै मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्न निर्देशन दिने तथा आवश्यक श्रोत जुटाउन सहयोग गर्ने ।
- कोभिड-१९ को प्रभाव कम न्यूनीकरण गर्न अवलम्बन गर्नुपर्ने व्यक्तिगत, सामुदायिक, स्वास्थ्य सुरक्षा मापदण्ड लागु गर्न निर्देशन दिने ।
- विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी तथा प्रतिकार्यको सन्दर्भमा क्रियाशिल विकास साझेदारहरुसँग जोखिम न्यूनीकरण, पूर्वतयारी तथा प्रतिकार्यकालागि आवश्यक सहकार्य गर्न क्रियाकलाप अगाडि बढाउने ।
- विपद् कोष स्थापना, सञ्चालन तथा बजेट व्यवस्था गर्ने र प्रभावित क्षेत्रमा आवश्यकताको आधारमा कोष परिचालन गर्ने ।
- प्रदेश आपतकालिन कार्य सञ्चालन केन्द्रको सूचना तथा विपद्को पुर्व अनुमानका आधारमा कुनै क्षेत्र वा स्थान, भवन खाली गर्न निर्देशन जारी गर्ने ।
- खोज तथा उद्धार जनशक्तिको व्यवस्थापन गर्ने ।
- मनसुन पूर्वतयारी, प्रतिकार्य तथा बहुविपद् व्यावस्थापनका लागि आवश्यक नीतिगत व्यवस्थापन गर्ने ।
- जिल्ला र स्थानिय तहलाई विपद् व्यावस्थापनका लागि आवश्यक श्रोत साधन तथा बजेटको व्यवस्था गर्ने ।

**प्रतिकार्यका मुख्य क्रियाकलापहरू**

- विपद्को अवस्था अनुसार जिल्ला तथा स्थानिय स्तरमा खोज तथा उद्धार जनशक्ति व्यवस्थापन गर्ने ।
- विपद् व्यवस्थापन कार्यको सम्पुर्ण चरणहरु प्रतिकार्य, पुर्नस्थापना, पुर्ननिर्माण र पुर्नलाभ तथा स्थानान्तरणको लगत राख्न लगाउने तथा अनुगमन गर्ने ।
- प्रदेश भित्रको विपद्को अवस्थाको जानकारी विपद् जोखिम न्युनिकरण तथा व्यावस्थापन प्राधिकरण लाई गराउने ।
- आवश्यकताको आकलन गर्ने आकलन गर्ने सामुदायिक, आर्थिक, सामाजिक पूर्वाधारहरुको पुर्नस्थापना गर्न बजेट व्यवस्था गर्ने ।
- विपद् पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धमा मातकतका निकाय, सामाजिक संघ-संस्था, निजी क्षेत्र, व्यवसायीका प्रतिष्ठानले तोके बमोजिमको कार्य गरेको नगरेको अनुगमन गर्ने ।
- प्रदेशमा विपद्को अवस्थाको जानकारी संघिय सरकारलाई गराउने तथा अपुग भएको श्रोत माग गर्ने ।
- NDRRMA र खानी तथा भूगर्भ विभाग, वन तथा भूसंरक्षण विभागसँगको सहकार्यमा वाढी तथा पहिरोको पूर्व सूचना प्रणालीको सवलीकरण गर्ने ।
- विपद् प्रतिकार्यमा आईपरेका समस्या तथा सिकाईहरूको बारेमा समिक्षा गर्ने ।
- मनसुन प्रणाली निस्कृय भएपछि यस वर्षका विपद् पूर्वतयारी तथा प्रतिकार्यसँग सम्बन्धित भएगरेका कार्यहरुको समिक्षा गर्ने । अनुकरणीय कार्य मुल्याङ्कन (best practice) र आवश्यक पृष्ठपोषण दिने तथा आगामी दिनमा सुधार गर्नुपर्ने क्षेत्र पहिचान गर्ने ।

## मनसुन पूर्वतयारी तथा प्रतिकार्यका लागि विषयगत मन्त्रालयहरुको भूमिका

**बिषयगत क्षेत्र: स्वास्थ्य, शिक्षा, संरक्षण तथा सामाजिक सुरक्षा (Health, Education, Protection and Social Security)**

**अगुवा सरकारी निकाय: सामाजिक विकास मन्त्रालय**

**सहयोगी निकाय: WHO/ UNICEF/ UNFPA/ World Vision**

### पूर्वतयारीका मुख्य क्रियाकलापहरू

- मनसुन जन्य जोखिम क्षेत्रहरु पहिचान गरि त्यस क्षेत्रमा रहेको महिला (सुत्केरी, गर्भवती) , बालबालिका, अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिकहरुको विबरण अध्यावधिक गर्ने ।
- स्वास्थ्य, शिक्षा र कानुनी तथा मनोसामाजिक परामर्श सेवाहरूको पहुँचको सुनिश्चित गर्न विषयगत साझेदारहरुसँग समन्वय गर्ने तथा आवश्यक तयारी गर्न लगाउने ।
- बाढी पश्चात हुन सक्ने पानी जन्य, किट जन्य, सरसफाई जन्य रोगहरु तथा सर्प दंश जस्ता समस्याहरु आकलन गरि आवश्यक औषधि तथा झुलको भण्डारण सुनिश्चित गर्ने ।
- मनसूनबाट प्रभावितहरुको लागि कोभिड महामारीलाई मध्यनजर गरी आवश्यक सुरक्षा समाग्रीको स्टक व्यावस्थापन गर्ने ।
- स्वास्थ्य आपतकालीन कार्य सञ्चालन केन्द्र (Public Health Emergency Operation Center-PHEOC) को सुचना प्रणलीलाई व्यवस्थित गरी आधारभूत सेवाहरु सुनिश्चित गर्ने ।
- आकस्मिक मेडिकल परिचालन टोलि (EMDT), द्रुत प्रतिकार्य टोली (RRT), अत्यावश्यक स्वास्थ्य सेवाहरु, घुम्ती स्वास्थ्य शिबिरहरु संचालनका लागि तयारी अवस्थामा राख्ने ।
- उपरोक्त कार्यहरुको व्यवस्थापनकालागि सरकारी निकाय, विषयगत साझेदार, गैर सरकारी निकायबीच समन्वय तथा जिम्मेवारी वाडफाड सहित सेवा सुनिश्चितताकोलागि आवश्यक बजेटको व्यबस्था गर्ने ।
- प्रभावित हुन सक्ने समुदायको स्वास्थ्य सेवाकालागि अत्यावश्यक औषधिहरु, पोषण सामाग्रीहरु, शैक्षिक सामाग्रीहरु सहयोग उपलब्ध गराउन साझेदार निकाय तथा संघ संस्थासंगको सहकार्य गर्न एकद्वार प्रणली अवलम्बन गर्ने ।
- स्वास्थ्य सुरक्षा, व्यक्तिगत सरसफाई, कोभिड-१९, सामाजिक सुरक्षा तथा संरक्षण सम्बन्धी आम सञ्चार माध्यम बाट प्रशारण गर्ने सन्देशहरु अद्यावधिक गर्ने ।

### प्रतिकार्यका मुख्य क्रियाकलापहरू

- आवश्यकता अनुसार आकस्मिक मेडिकल परिचालन टोलि तथा द्रुत प्रतिकार्य टोलि परिचालन गर्ने ।
- अत्यावश्यक स्वास्थ्य सेवाहरु जस्तै सुरक्षित प्रसुती सेवा, गर्भवती जाँच, सुत्केरी जाँच, परिवार नियोजन सेवा, खोप सेवा, कोल्ड चेन व्यवस्थापन, बृद्धि अनुगमन, यौन तथा प्रजनन स्वास्थ्य, मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्शलाई न्युनतम सेवा प्याकेजको रुपमा सञ्चालन गर्ने ।
- आन्तरिक रुपमा बिस्थापित लगायत प्रभावित समुदायको स्थलगत उपचार र पोषणकालागि आकस्मिक मेडिकल परिचालन टोलि (EMDT) सहितको मोबाइल क्लिनिक सञ्चालन गर्ने ।
- प्रभावित स्थानमा स्वास्थ्य टोलि वा घुम्ती स्वास्थ्य शिबिरहरु मार्फत आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गर्ने ।
- आमाको दूध प्रतिस्थापन गर्ने वस्तु तथा पत्रु खाना वितरण लाई निरुत्साहित गर्ने ।
- एकद्धार संकटव्यवस्थापन केन्द्र (OCMC) मा सञ्चालनमा ल्याई संरक्षण क्षेत्रका घटनाहरुलाई प्राथमिकतामा राख्न लगाउने ।
- जोखिममा रहेका समुदायलाई लैगिंक हिंसा, बाल सुरक्षा तथा मानसिक स्वास्थ्य जस्ता महत्वपूर्ण आवश्यक संरक्षणको बारेमा सचेत गर्ने तथा सेवा दिने र प्राराम्भिक प्रतिकार्यका लागि हेल्पलाइन तथा सेल्टर बिस्तार गर्ने ।
- रेडियो, टिभीमाफर्त सन्देशमुलक सूचना प्रसारण गर्ने, सेवा र सहयोग उपलब्ध हुने स्थान तथा सम्पर्क व्यक्तिबारे रेडियो, पत्रपत्रिका मार्फत निरन्तर जानकारी गराउने ।

- आन्तरिक मामिला तथा कानुन मन्त्रालय मन्त्रालयसँग समन्वय गरी प्रभावितलाई सुरक्षाको प्रत्याभुति दिने तथा निःशुल्क रुपमा कानुनी सहायता तत्काल उपलब्ध गराउने ।
- विस्थावित मानिसहरुलाई अस्थाई शिविर रहँदा आवश्यक पर्ने पानी शुद्धीकरणको व्यवस्था गर्ने ।
- सबैलाइ थप खाना वितरण कार्यक्रम (BSFP)/लक्षित थप खाना वितरण कार्यक्रम (TSFP) मार्फत मध्यम शिघ्र कपोषणको उपचार तथा व्यवस्थापन गर्ने ।
- उपचारात्मक तयारी खाना कार्यक्रम (Therapeutic Feeding Program–TFP) मार्फत कडा शिघ्र कुपोषणको उपचार तथा व्यवस्थापन गर्ने ।
- कोरोना महामारीको समयमा अस्थाई शिविरमा संक्रमण फैलिन रोक्न आवश्यक व्यवस्था मिलाउन स्थानिय निकायलाई सघाउने तथा कार्यान्वयन गर्न लगाउने ।
- वाललालिकाकाहरुका लागि शिविरहरुमा वैकल्पिक शिक्षाको व्यवस्था गर्ने, सामाग्री उपलब्ध गराउने ।

## बिषयगत क्षेत्र: खोज तथा उद्धार, आपतकालीन सञ्चार, बन्दोबस्ती (Search and Rescue, Emergency Communication and Logistics)

## अगुवा सरकारी निकाय: आन्तरिक मामिला तथा कानुन मन्त्रालय

**सहयोगी निकाय:** WFP/UNDP/FMTC/Red Cross

**पूर्वतयारीका मुख्य क्रियाकलापहरु**

- खोज तथा उद्धारकर्मिहरु (सुरक्षा निकाय) लाई आवश्यक पर्न सक्ने खोज तथा उद्धारकार्यकालागि पुर्वतयारी गर्न लगाउने तथा तयारी अवस्थामा रहन समन्वय गर्ने ।
- प्रत्येक जिल्लामा तालिमा प्राप्त उद्धारकर्मि जनशक्तिको एकिन गर्ने, आवश्यकता सुनिश्चित गर्ने र सो बमोजिम व्यवस्था गर्ने ।
- खोज तथा उद्धार कर्मिहरुलाई आवश्यक पर्ने सामाग्रीको व्यावस्थापनका लागि श्रोतको व्यवस्था गर्ने तथा खोज तथा उद्धार कार्यलाई प्रविधिमैत्री बनाउन आवश्यक सहयोगकालागि साझेदार निकायहरु, संयुक्त राष्ट्र संधिय निकायसँग समन्वय गर्ने ।
- वार्षिकरुपमा प्रदेशको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गर्ने, जिल्ला प्रशासन कार्यालयहरु, तथा पालिकाहरुलाई विपद पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्न लगाउने ।
- सबै विषयगत क्षेत्रहरुसँग समन्वय (Cluster Coordination) गर्ने तथा सबै विषयगत क्षेत्रको विपद् पुर्वतयारी र प्रतिकार्य योजना अद्यावधिक गरि आवश्यक तयारी गर्न लगाउने ।
- मनसुन पूर्वतयारी र प्रतिकार्यमा **लागि** प्रदेश भित्र सरोकारवाला निकाय र सघंसस्था**सँग** समन्वय गर्ने ।
- प्रतिकार्यको लागि चाहिने सामाग्री साथै विपद् व्यवस्थापनमा आवश्यक **सामाग्री**हरुको पूर्व प्रबन्ध**को** व्यबस्था मिलाउने र स्टकपाइल गर्न लगाउने ।
- प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्र (Provincial Emergency Operations Centre) लाई २४सै घण्टा संचालनमा राख्ने । प्रदेश, **जिल्ला र स्थानिय आपनकालिन कार्य सञ्चालन केन्द्र (D/LEOC) को व्यवस्थापनमा सहयोग गर्ने** ।
- प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्र र प्रदेश स्वास्थ्य आपतकालिन कार्यसञ्चालन केन्द्र बीचको समन्वयमा जोखिमको आकलन गर्ने ।
- आपतकालिन खाद्य तथा गैर खाद्य समाग्रीहरुको भण्डारणको जानकारी एकिन गरी प्रदेश विपद् व्यबस्थापन समितिलाई जानकारी गराउने ।
- विपद् ग्रस्त क्षेत्रको आपतकालिन समन्वयका लागि बैकल्पिक सञ्चार व्यवस्थाहरु गर्ने । सञ्चार रहित जोखिम युक्त स्थानमा टावर विस्तारकोलागि सम्बिन्धित निकायसँग समन्वय गर्ने ।
- विपद्का कारण मानिविय क्षतिमा आवश्यक पर्ने लास व्यवस्थापन (Dead body Management) का लागि तालिम प्राप्त जनशक्तिको व्यावस्था गर्ने ।

- अत्यावश्यक सेवाहरु (सडक, विजुली, सञ्चार, पानी तथा अन्य) सुचारु गर्न आवश्यक तयारी गर्ने, गर्न लगाउने ।
- जोखिम युक्त स्थानकोलागि आवश्यक सन्देस प्रवाह गर्न PUS message व्यवस्थ गर्ने, तयारी गर्ने ।
- जिल्ला विपद व्यवस्थापन कोषमा रकमको व्यवस्था गर्ने । राहत मापदण्डले तोकेको न्यूनतम रकम जिल्ला विपद् व्यवस्थापन कोषमा जम्मा गर्ने प्रवन्ध गर्ने ।

**प्रतिकार्यका मुख्य क्रियाकलापहरू**

- विपद्को अवस्थाको जानकारी लिने, खोज तथा उद्धारकर्मी परिचालनकालागि समन्वय गर्ने ।
- खोज तथा उद्धारकार्यलाई प्रभावकारी बनाउन जनशक्ति तथा उपकरणहरुको व्यवस्थापन गर्न मुख्यमन्त्रीको कार्यालय सँग समन्वय गर्ने ।
- खोज तथा उद्धारकार्यको प्रगति अध्यावधिक गर्ने ।
- प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्र (Provincial Emergency Operations Centre) बाट स्थानिय तह र जिल्लाको स्थितिको जानकारी लिने तथा सूचनाको आधारमा आकस्मिक बैठकहरुको आयोजना गरि श्रोत व्यवस्थापन गर्ने ।
- जिल्ला तथा स्थनिय तहमा रहेका खोज तथा उद्धार, प्रथमिक उपचार, प्रतिकार्यका लागि आवश्यक सामाग्रीहरुको बिवरण यकिन गर्ने, खाडल पहिचानत गर्ने र तत् अनुसार ब्यवस्थापन गर्ने ।
- खोज उद्धारलाई थप प्रभावकारी वनाउन आधुनिक (ड्रोन) प्रविधिको उपयोग गर्ने ।
- विपद् प्रभावित क्षेत्रको अवस्था आकलन गर्न Satellite Image प्रभावकारी हुने भएकाले Real time image को लागि संयुक्त राष्ट्र संघिय प्रादेशिक एकाइसँग समन्वय गर्ने ।
- विपद् प्रभावित क्षेत्रमा खोज उद्धारकालागि हेलिकप्टर आवश्यक रहेमा तत्काल समन्वय गर्ने ।
- राहत सामग्री उचित भण्डारणको अनुगमन गर्ने व्यवस्था गराउने ।
- विपद् व्यावस्थापन कार्यकारी समितिको बैठक बोलाई आवश्यक निर्णयहरु गर्न पहल गर्ने ।
- विपद्का कारण मानिविय क्षतिको विबरण राख्ने तथा लास व्यावस्थापन (Dead body Management)कोलागि तालिम प्राप्त जनशक्ति परिचालन गर्ने ।
- अत्यावश्यक सेवाहरु (सडक, बिजुली, सञ्चार, खाने पानी तथा अन्य) तत्काल सुचारु गर्न लगाउने ।
- प्रकोप ग्रस्त स्थानकोलागि आवश्यक सन्देस प्रवाह गर्न PUS message प्रवाह गर्ने ।

## बिषयगत क्षेत्रः खानेपानी, सरसफाइ, शिविर समन्वय तथा शिविर व्यवस्थापन, आपतकालीन आश्रयस्थल (WASH, Camp Coordination and Camp Management)

**अगुवा सरकारी निकायः भौतिक पूर्वाधार विकास मन्त्रालय**

**सहयोगी निकायः** UNICEF/RedCross

### पूर्वतयारीका मुख्य क्रियाकलापहरू

- विपद् प्रभावितहरूको लागि अस्थायी आश्रयस्थलको व्यवस्था गर्न आवश्यक सरसामान तथा औजारहरूको बन्दोबस्ती गर्ने ।
- आपत्कालीन अवस्था आईपरेमा तुरून्त खरिद गर्न सकिने गरी आपुर्तीकर्ता पहिचान र अनुबन्ध करार गर्ने ।
- अस्थायी आश्रय स्थल बनाउन सुविधायुक्त खुला क्षेत्रको पहिचान गरि राख्ने ।
- गैर-खाद्य राहात सामग्रीहरू भण्डारण गर्ने तथा बिकास साझेदारहरुसँग भएको विवरण अद्यावधिक गरि राख्ने ।
- विषयगत क्षेत्रसँग सम्बन्धित खानेपानी, सरसफाई, आवास व्यवस्थापनका लागि आवश्यक न्युनतम प्याकेज तथा मापण्डहरु निर्धारण गर्ने ।
- कोभिड १९ सँग सम्बन्धित जनस्वास्थयका मापदण्ड सहित विपद ब्यवस्थापन सम्बन्धीत प्रशिक्षण दिने ।
- खुल्ला क्षेत्रको रुपमा घोषित वा पहिचान गरिएको सुरक्षित स्थानहरु तथा आश्रयस्थलमा शिविरको सञ्चालन गर्नका निम्ति साईट प्लानहरु बनाउने ।

- सेल्टर कलस्टर र मन्त्रालयसँगको समन्वयमा बाढी पहिरोको जोखिम भएका विभिन्न जिल्ला तथा स्थानीय तहमा बनाइएका सामुदायिक भवन वा आश्रयस्थलको (अस्थायी बासस्थानहरू) मापन गरी अध्यावधिक विवरण उपलब्ध गराउने ।
- सेल्टर व्यवस्थापनका लागि आवश्यक सामाग्री यकिन गर्ने, आवश्यकताको पुर्वअनुमान गरि भण्डारण राख्ने तथा सो व्यबस्थापनको लागि साझेदारहरुसँग एकिन गर्ने ।
- विपद् प्रभावित सम्बन्धित स्थानीय तह, सहकार्य गर्ने निकाय, दातृ निकाय तथा अन्य संघसंस्थासँग समन्वय तथा सहकार्य गर्ने ।

**प्रतिकार्यका मुख्य क्रियाकलापहरू**

- सुरक्षित खानेपानी, सरसफाइ तथा स्वच्छताको सन्देश प्रवाह गराई सजग गराउने
- विपद् पश्चात हुने पिउने पानी जन्य जोखिमको न्यूनीकर0ा तथा क्याम्पभित्रको पिउनेपानी तथा सरसफाइ व्यवस्थापनको तयारी गर्ने ।
- विपदबाट प्रभावित भएकाहरुलाई क्वारेन्टाइन सेल्टर तयार तथा सेल्टरको लागि मापदण्ड अनुसारको अस्थाई तथा स्थाई सौचालय तथा सफा पिउनेपानीको व्यवस्थापन, फोहरमैला व्यबस्थापनको उचित व्यबस्था गर्न आवश्यक समन्वय गर्ने ।
- सुरक्षित खानेपानी वितरणका लागि पाइप फिटिङ्ग, ब्रलिचिङ्ग पाउडर पानी ट्यांकीको व्यावस्थापन गर्ने ।
- विपद् प्रभावितहरुका लागि पानी जन्य जोखिम न्यूनीकरण गर्न पिउस, क्लोरिन झोल, किट जस्ता ओषधिहरु बितरण गर्ने गराउने ।
- अरु क्लस्टरहरूको समन्वयमा शिविर तथा आश्रयस्थलहरुमा निरन्तर स्वास्थ्य सेवाहरु, मनोवैज्ञानिक/मानसिक परामर्श, सिफारिसको प्रभावकारी कार्यपद्धति (Referral mechanism) स्थापना गराउने ।
- आवश्यकता वा सेवा पहिचानका लागि सुचना सङ्कलन गर्ने, प्रभावित क्षेत्रहरुमा रहेका प्रावधान र अन्तरहरु (Provision and Gaps) सम्बन्धी जानकारी सङ्कलन गर्ने तथा सम्पुर्ण प्रकृयाको अनुगमन गर्ने ।
- सेल्टरहरुमा जनचेतनाको लागि एकीकृत कार्यक्रम सञ्चालन गर्ने ।

## बिषयगत क्षेत्रः खाद्य सुरक्षा तथा पोषण (Food Security and Nutretion)

### अगुवा सरकारी निकायः भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

### सहयोगी निकाय: WFP/FAO/UNicef

**पूर्वतयारीका मुख्य क्रियाकलापहरू**

- विकास साझेदारहरुलाई Rapid Emergency Food Security and Vulnerability Assessment, Initial Rapid Assessment गर्न समन्वय गर्ने ।
- प्रदेश स्तरमा खाद्य सुरक्षा तथा पोषण विषयगत क्षेत्रको contingency plan बनाउन सहजीकरण गर्ने ।
- विपद्को संभावित घटनाको आकलन गरि पहिलो १५ दिनको लागि खाद्य सहायता तयारी अवस्थामा राख्ने तथा राख्न लगाउने ।
- विपद्का कारण अन्न, फलफुल, तरकारी, बालीनाली, पशु, पन्छी, माछा आदिमा हुन सक्ने रोगको औषधि व्यवस्थापन गर्ने ।
- अन्न, फलफुल, तरकारी तथा अन्य बालीनालिको विउ stock राख्ने व्यवस्था मिलाउने ।
- विपद पछि तत्काल आवश्यक पर्ने तयारी खानेकुराहरुको आपुर्ति सुनिश्चित गर्ने अग्रिम योजना निर्माण गर्ने ।
- किसानहरुलाई मौसम जन्य प्रकोपको पुर्व सुचना दिने व्यवस्था मिलाउने तथा कृषि बुलेटीन जारी गर्ने ।
- परिवारीक पोषण सुरक्षाकालागि अल्पकालिन, मध्यकालिन र दीर्घकालिन योजना बनाउने ।

- परिवारिक खाध्य बैंक स्थापना तथा प्रारम्भ गर्ने ।
- विपद् संभावित क्षेत्रहरुमा विपद् सहने जात तथा खेती प्रणाली सिफारिस गर्ने ।

**प्रतिकार्यका मुख्य क्रियाकलापहरू**

- विस्थापित हरुका लागि तत्काल तयारी खानेकुराको व्यवस्था मिलाउने ।
- वालिनाली तथा पशुपंछीका विभिन्न रोग तथा महामारी विरुद्धका कार्यक्रमहरु लागु गर्ने ।
- पशुपंक्षि वाट मानिसमा सर्न सक्ने जुनोटीक रोगहरु तथा महामारी जन्य रोग नियन्त्रण, रोकथाम तथा अन्य नियन्त्रण कार्यक्रमहरु सञ्चालन गर्ने ।
- खाध्य वासलात तयार गर्ने ।
- नगद प्रवाह मार्फत खाद्ध सुरक्षा सहयोग कार्यक्रम सञ्चालन गर्ने ।
- मृत पशुपन्छीको व्यवस्थापन गर्ने ।
- पशुपन्छीको दानाको व्यवस्थापन गर्ने ।
- ६-२३ महिनाका बालबालिकाको लागि पुरक खानाको लागि सहयोग, संरक्षण र प्रवर्धन गर्ने

**बिषयगत क्षेत्रः शीध्र पुर्नलाभ (Early Recovery)**

**अगुवा सरकारी निकायः उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**

**सहयोगी निकायः UNDP/ RedCross**

**पूर्वतयारीका मुख्य क्रियाकलापहरु**

- वाढी, डुबान, पहिरो तथा अन्य पानीजन्य विपदका साथै कोभिड-१९ सँग जुध्न अत्यावश्यक वस्तुहरुको सूची तयार गरी अतिरिक्त मौज्दात व्यवस्थापन गर्ने ।
- पेट्रोलियम पदार्थहरू, एल.पी. ग्याँस, नुन तथा खाद्य पदार्थको अतिरिक्त मौज्दात व्यवस्थापन गर्ने ।
- वर्षाबाट घर, खेतबारी आदिमा पुगेको क्षतिलाई ध्यान दिई गल्छी पहिरो नियन्त्रण, संरक्षण पोखरी, पहिरो रोकथाम, सिँचाई कुलो सुधार, खोला किनारा संरक्षण, पानी मुहान संरक्षण, भू-क्षय नियन्त्रण कार्यक्रमहरू कार्यान्वयन गर्ने ।
- विपद् जोखिमबारे विभिन्न कार्यक्रम मार्फत भू-तथा जलाधार संरक्षण सम्बन्धी चेतना जगाउने कार्यक्रम सञ्चालन गर्ने ।
- विपद् जोखिम न्यूनीकरणको कार्यक्रम कार्यान्वयन गर्न आर्थिक स्रोत व्यवस्थापन गर्ने एकद्वार (One-door) संयन्त्रको सुचारु गर्ने ।
- कालोबजारी हुन नदिन नियमित अनुगमन गर्ने तयारी गर्ने ।

**प्रतिकार्यका मुख्य क्रियाकलापहरु**

- विपदको अवस्थामा उपभोग्य वस्तु तथा सेवाको सहज आपूर्ति हुने गरी आम उपभोक्ताले उचित मूल्यमा गुणस्तरीय बस्तु तथा सेवाको उपभोग गर्न पाउने व्यवस्था मिलाउने ।
- विपद् प्रभावितहरु तथा विस्थापितहरुको स्थानान्तरण गर्नुपर्ने अवस्थामा सो को उचित व्यावस्थापन गर्ने ।
- सार्वजनिक सेवा अवरूद्ध भएका भौतिक संरचनाहरूको मर्मत सम्भारका लागि समन्वय गर्ने ।
- दैनिक उपभोग्य वस्तु तथा सेवाको उचित मूल्यमा सहज आपूर्तिको व्यवस्था मिलाउने ।
- जीवन यापन सहज बनाउन जिविकोपर्जनका श्रोत तथा सेवाहरूको प्राथमिकीकरण गर्ने ।
- नगद प्रवाह, पशुपंछी, विउ विजनआदि सहयोग समुदायमा हस्तान्तरण गर्ने ।
- विपद् उन्मुख समाजिक सुरक्षा कार्यक्रमहरु लागु गर्ने ।
- आपनकालिन खाध्य सहयोग तथा स्वरोजगार प्रवर्धन हुने कार्यक्रम लागु गर्ने ।
- रोजगार गुमाएका हरुको पुर्नस्थापना कार्यक्रमहरु सञ्चालन गर्ने ।
- महिला लक्षित आयमुलक योजनाहरु प्रारम्भ गर्न स्थानिय तहसँग समन्वय गर्ने ।
- पर्यापर्यटन सुधारकालागि नदी उकास जमिन व्यवस्थापन तथा वृक्षारोपण कार्यक्रम लागु गर्ने ।

## प्रदेश आपतकालिन कार्यसञ्चालन केन्द्र

**पूर्वतयारीका मुख्य क्रियाकलापहरू**

- जिल्ला तथा स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रहरुलाई पूर्वतयारीको अवस्थामा राख्ने ।
- प्रदेश भित्र रहेका आपत्कालीन कार्यसञ्चालन केन्द्रहरुको मनसुन तयारी बैठक तथा आकस्मिक बैठकहरु सञ्चालन गर्ने, क्षमता अभिवृद्धिमा सहयोग गर्ने ।
- प्रदेश भित्र रहेका सबै DECO, LECO हरुको सम्पर्क अध्यावधिक गर्ने र साथै प्रदेश भित्र रहेका वाढी तथा वर्षा मापन केन्द्रहरुको अवस्था, सम्पर्क व्यक्ति र सम्पर्क नम्बरहरु अध्यावधिक गर्ने ।
- रष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र (National Emergency Operations Centre), जल तथा मौसम कार्यालय र सिँचाई विभागसँग सहकार्य गरी बाढी र डुबानको पूर्व सूचनालाई सुनिश्चित गरी चुस्त र व्यवहारिक बनाउने ।
- मनसुन पुर्वाअनुमान तथा जल तथा वर्षा मापन केन्द्रको सूचनालाई जोखिम रहेका स्थानसम्म प्रसारण गर्न DEOC र LEOC सँग समन्वय गर्ने तथा सुचना प्रवाह गर्ने ।
- UN Agency सँग समन्वय गरि विपद् ग्रस्त क्षेत्रको Realtimee Settlite Image प्रविधिमा पहुँच विस्तार गर्ने तथा सो को आधारमा थप योजना निर्माण गर्ने ।
- उद्धारकर्मिको बन्दोवस्तिको समाग्रिको लेखाजोखा राख्ने तथा जोखिमको आधारमा जनशिक्तिको माग थपघट गर्न पहल गर्ने ।
- द्रुत प्रतिकार्य टोलीसँग समन्वय र सहजीकरण गर्ने ।
- खोज तथा उद्धार समाग्रिको व्यावस्थापन, नयाँ प्रविधि जडान तथा बन्दोवस्तीका लागि साझेदार संस्थाका प्रदेश कार्यालयहरुसँग समन्व्य गर्ने ।
- जिल्ला तथा स्थनिय तहमा रहेका जनशक्तिहरु (खोज तथा उद्धार, प्रथमिक उपचार, प्रतिकार्यका, IRA स्वयम्सेवक) र आवश्यक समाग्रिहरुको बिवरण एकिन गर्ने, खाडल पहिचान गर्ने र तत् अनुसार व्यवस्थापन गर्न समन्वय गर्ने ।
- आपतकालिन खाद्य तथा गैर खाद्य समाग्रीहरुको भण्डारणको जानकारी एकिन गरि प्रदेश विपद् व्यबस्थापन समितिलाई जानकारी गराउने ।
- सबै क्लस्टरहरुसँग समन्वय गरि आवश्यक सुचना प्रवाह गर्ने, पुर्व तयारीका लागि आवश्यक तयारी गर्न सहजीकरण गर्ने ।
- प्रदेशभित्रका जोखिमयुक्त स्थानहरु नजिका क्षेत्रमा हेलिप्याडकालागि खुला ठाउँहरुको विवरण संकलन गर्ने ।
- प्रदेश स्थित साझेदार निकायहरुको आपतकालिन सामाग्री भण्डारणको बिवरण अध्यावधिक गर्ने ।
- प्रदेश श्वास्थ्य आपतकालिन कार्य सञ्चालन केन्द्र (PHEOC) सँग समन्वय गर्ने ।
- शेल्टर (Shelter) तथा अन्य क्लस्टरहरूसँगको समन्वयमा फिर्ता सहयोगको) यातायात, संकलित फिर्ता प्याकेज मार्फ नगद र सामानको सुविधा) बन्दोबस्त गर्ने ।
- प्राथमिकता शिविर र आश्रयस्थल जहाँ अझै फिर्ता सम्भव छैन, त्यसता साइटहरुको पूर्वाधार सुधार गर्ने वा ट्रान्जिट केन्द्रहरू (transit centres) र शिविरहरूको स्तरोन्ती गर्ने । शिविरहरु वा आश्रयस्थलहरु बन्द गर्ने (Decommission), निसंक्रमण (Disinfection) गर्ने र शिविरहरु बन्द गर्दा यथासक्दो साइटहरूलाई आफनो मौलिक प्रयोगमा फिर्ता लग्ने ।

प्रतिकार्य आपूर्ति व्यवस्थापन (अनुसूची १ बमोजिम)
नोट : शिविर समन्वय तथा शिविर ब्यवस्थापन कलस्टरले कुनै पनि खाद्य वा गैर खाद्य सामग्रीहरु भण्डारण गरेर राख्दैन ।

**Name and Contact detail of CCCM Cluster Member**

| SN | Name | Agency | Phone | Email |
|---|---|---|---|---|
| 1 | Mahim Bohara | MoPID/ DUDBC | 9860033521 | mahimbohara048@gmailcom |
| 2 | Dhirendra Sinal | IOM | 9858750535 | dsinal@iom.int |
| 3 | Saroj Thakur | Mercy Corps Nepal, | 9858423797 | sthakur@mercycorps.org |
| 4 | Lokraj Bhatta | NRCS | 9858421892 | lok.nrcskailali@gmail.com |
| 5 | Giri Panthi | UNFPA | 9866552345 | panthi@unfpa.org |
| 6 | Man Dhwaj Khatri | LWF | 9858423025 | dpo_kailali@lwf.org.np |
| 7 | Punita Chaudhary | Habitat for Humanity | 9801132482 | pchaudhary@habitatnepal.org |
| 8 | Satish Pandey | UNDP | 9858046666 | Satish.pandey.np@undp.org |
| 9 | Dipak Shrestha | UNICEF | 9858085501 | dishrestha@unicef.org |
| 10 | Bibek Karki | World Vision International | 9851193847 | bibek_karki@wvi.org |
| 11 | Jagadish Bhatt | Dan Church Aid | 9858424088 | jabh@dca.dk |
| 12 | Rabindra Chand | WFP | 9806490383 | rabindra.chand@wfp.org |
| 13 | Santosh Acharya | UN WOMEN | 9841483877 | santosh.acharya@unwomen.org |

Thanks

# अनुसूचि ४: बिषयगत क्षेत्र- आपतकालिन आश्रय स्थल तथा गैह्र खाद्य समाग्रीको मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना

सुदूरपश्चिम प्रदेश

मनसुन पूर्बतयारी र प्रतिकार्य योजना

**विषयगत क्षेत्रका (cluster) योजना फारम २०७८**

| |
|---|
| विषयगत क्षेत्र: आपतकालीन आश्रय स्थल तथा गैह्र खाद्य सामाग्री |
| लक्षित जनसंख्याः विपद प्रभावित परिवार, घरधुरि |
| संकटान्न जनसंख्याः जम्मा जनसंख्या २५३०९८८ केस लोड २२३४४५ |
| फरकक्षमता भएको |
| गर्भवती महिला |
| जेष्ठ नागरिक |
| नवजात शिशु |
| बच्चालाई दुध खुवाईरहका आमा |
| प्रजनन उमेरका महिलाहरु |
| **आवश्यक बजेट :** ६,९९,४०,०००।०० |
| मुख्य जिम्मेबार निकाय : भौतिक पूर्वाधार विकास मन्त्रालय |
| सहायक जिम्मेबार निकाय : शहरि विकाश तथा भवन निर्माण विभाग, संघिय आयोजना कार्यान्वयन ईकाइ, कैलाली, मर्सिकोर नेपाल, |
| विषयगत क्षेत्रका सदस्यहरु : नेपाल रेडक्रस सोसाइटी, वर्ल्ड भिजन, एल डब्लु एफ, ह्याविटयाट फोर ह्यूमानिटि, डि सि ए, यू एम एन, बिल्ड ओन, यू एन आइ ओ एम |
| सुदूरपश्चिम प्रदेशको प्राकृतिक विपद् पुर्वतयारी र प्रतिकार्यको लागि क्षत्रगत उदेश्यहरु ?? <br><br> विपद् प्रभावित परिवारलाई स्थायी वा अस्थायी आश्रय उपलब्ध गराई उनीहरुमा पर्ने प्रतिकूल बातावरणीय असर कम गर्नुका साथै उनीहरुको बैयक्तिक गोपनीयताको रक्षा, परिवारको आकार अनुसार घरेलु भान्सा सामग्री तथा धर्म, संस्कृति र मौसम अनुसार लत्ताकपडा उपलब्ध गराई उनिहरुको मानव अधिकार, व्यक्तिगत स्वाभिमान तथा धार्मिक, सामाजिक र सांस्कृतिक मर्यादा कायम गरि जीवनका जोखिमहरु घटाउनु । <br><br> **विशिष्ट उदेश्य :** <br> • विपद प्रभावित परिवार लाई वातावरणिय प्रतिकुलताबाट जोगाई भविष्यमा स्वस्थ्य सम्बन्धि जोखिम न्युन गर्नु । परिवारका बिभिन्न उमेर र लिंग समूहका व्यक्तिहरुको व्यक्तिगत गोपनियता रक्षा गरि संभावित लैंगिंक तथा शारिरिक हिंसा रोक्नु । <br> • मौसम, धर्म, संस्कृति, परम्परा, लिंग, उमेर समूह अनुसारको गैर खाद्य सामाग्री सहयोग गरि प्रभावितहरुको व्यक्तिगत स्वाभिमान, धार्मिक, सामाजिक, सांस्कृतिक मार्यादाहरुको रक्षा गर्नु <br> • विभिन्न शारिरिक अवस्थामा रहेका व्यक्तिहरुलाई उचित आश्रयस्थल उपलब्ध गराई सरुवा रोगहरुको थप संक्रमण तथा विस्तारलाई रोक्नु । |

सुदूरपश्चिम प्रदेशको विपद् पुर्वतयारी र प्रतिकार्यको अनुमानित योजना र परिदृश्य ?

## विपद्को अवस्था तथा मान्यता र योजना

- प्रभावितहरुको प्रतिकूल वातावरण संग प्रत्यक्ष सम्पर्कका कारण अति संकटासन्न बर्ग (गर्भवति तथा सुत्केरी महिला, बालबालिका, जेष्ठ नागरीक, अपांगता भएका व्यक्तिहरु ) तथा बिरामीहरुको स्वास्थ्यमा प्रतिकुल प्रभाव पर्न सक्ने ।
- बास र कपासको अभावमा ब्यक्तिगत तथा सामाजिक स्वभिमानमा प्रतिकुल प्रभाव ।
- लैगिंक तथा ब्यक्तिगत गोपनियताको अभावका कारण महिला तथा बालवालीकाहरुमा हिंसाको जोखिममा बृद्धि । सबै खाले प्रभावित ब्यक्ति तथा परिवारका सदस्यहरुको एकै ठाउँको सांगुरो बसाइका कारण सरुवा रोगहरुको संक्रमण तथा वर्तमाण अवस्थामा कोभिड १९ को माहामारी पनि रहिरहेकोले संक्रमण हुने उच्च जोखिम
- मलेरीया, डेंगु तथा जापानिज ईन्सिफ्लाईटिस जस्ता रोगहरुको संक्रमण तथा जोखीममा बृद्धि ।
- बचेका केही सामग्रीहरुको चोरी तथा लुटपाटको संभावना ।
- आश्रय र लत्ता कपडाको अभावका कारण पारिवारीक सदस्यहरुमा मानसीक तनावमा बृद्धि ।
- बालबालिकाहरुको बौद्धिक तथा शारिरिक बिकासमा अवरोध । विद्यालयका कक्षा कोठा, प्रहरी चौकी तथा स्वस्थ्य केन्द्रहरु उपलब्ध सार्वजनिक संस्थाहरुमाथि दबाब को सिर्जना ।

| **क्रियाकलाप** | **समयावधि** | **मुख्य जिम्मेवार निकाय** | **सहयोगी निकाय** |
|---|---|---|---|
| क्षेत्रगत सदस्यहरुसंग सञ्चार तथा बैठक<br>मोवाइल एप प्रयोग गरी तथ्यांक संकलन | पहिलो दिन | संघिय आयोजना कार्यान्वयन ईकाइ र कल्स्टर सदस्य | स्थानिय सरकार, बिषयगत सदस्य संस्थाहरु, |
| क) प्रारम्भिक द्रुत लेखा जोखा औजारका प्रतिहरु उपलब्ध गराउने ।<br>ख) विपदको लेखाजोखा सम्बन्धी औजारको प्रयोग गरि द्रुत लेखाजोखा संचालन गने | दोश्रो दिन | संघिय आयोजना कार्यान्वयन ईकाइ र कल्स्टर सदस्य | स्थानिय सरकार, बिषयगत सदस्य संस्थाहरु, सरकारी तथा गैह सरकारी संस्था |
| विस्थापितको सङ्ख्या र जानकारी लिने पहिचान भएकालाई अस्थायी आवासमा बसोबास गराउने | पहिलो दिन | संघिय आयोजना कार्यान्वयन ईकाइ र कल्स्टर सदस्य | स्थानिय सरकार, बिषयगत सदस्य संस्थाहरु, सरकारी |

| | | | |
|---|---|---|---|
| | | | तथा गैह सरकारी संस्था |
| अन्य विषयगत क्षेत्रहरु खाद्य सुरक्षा, खानेपानी, सरसफाई तथा स्वच्छता र सर्वेक्षण क्षेत्र संग समन्वय र सहकार्य गर्ने । | पहिलो दिन | संघिय आयोजना कार्यान्वयन ईकाइ र कल्स्टर सदस्य | स्थानिय सरकार, बिषयगत सदस्य संस्थाहरु, सरकारी तथा गैह सरकारी संस्था |
| आवश्यकता अनुसार ओछ्याउने, ओड्ने, लगाउने कपडा तथा खाना पकाउने, खाने भाँडावर्तन विनाभेदभाव वितरण गर्ने ( गैह्रखाद्य सामाग्री वितरण)<br>ग) आश्रयस्थल निर्माण | पहिलो महिना | संघिय आयोजना कार्यान्वयन ईकाइ र कल्स्टर सदस्य | स्थानिय सरकार, बिषयगत सदस्य संस्थाहरु, सरकारी तथा गैह सरकारी संस्था |
| आवास तथा गैरखाद्य सामग्री वितरणको<br>अनुगमन, मुल्याङ्कन र समिक्षा गर्ने | दोश्रो महिना | संघिय आयोजना कार्यान्वयन ईकाइ र कल्स्टर सदस्य | स्थानिय सरकार, बिषयगत सदस्य संस्थाहरु, सरकारी तथा गैह सरकारी संस्था |

उदेश्यहरु प्राप्तिको लागि भुमिका :

माथि लेखिएका उदेश्यहरु प्राप्त गर्नका लागि यस विषयगत क्षेत्रका सदस्यहरुले आफ्नो अन्तरसम्बन्धित विषयगत क्षेत्रहरु सँग समन्वय गर्नेछ । विपद् पूर्व गर्नुपर्ने क्रियाकलापका लागि आवश्यक गतिविधिहरु सञ्चालन गर्नेछ। आवश्यकता अनुसार स्वयमसेवकहरुको तयारी तथा उनीहरुलाई अभिमुखीकरण गर्नुका साथै रोष्टर तयार गरी कार्य अगाडि बढाउनेछ ।
विपद्को अवस्थामा अस्थायी वसोवासका लागि धर्म, संस्कृति तथा व्यक्तिगत गोपनीयताका आधारमा सुरक्षित स्थानको व्यवस्थापन गरिनेछ ।
सम्बन्धित सदस्य संस्थाहरु सँग पूर्वतयारीका गतिविधिहरु का लागि अद्यावधिक रहनेछ ।

भौतिकः, प्राविधिकः, आर्थिक तयारी .?

विपद्को अवस्थामा हुन सक्ने भयावह अवस्थालाई मध्यनजर गर्दै भौतिक सामग्रीहरु तयारी अवस्थामा राखिनेछ । हालका अवस्थामा भएको ... संख्या त्रिपाललाई ... स्थानमा भण्डारण गरिएको छ । थप सामग्रीहरु खरिदका लागि आर्थिक रकमका लागि प्रदेश सरकार तथा दातृ निकायहरुसँग नियमित समन्वय गरिनेछ ।

| |
|---|
| **पूर्वतयारीका मुख्य क्रियाकलापहरूः**<br><br>• विपद् प्रभावितहरूको लागि अस्थायी आश्रयको व्यवस्था गर्न आवश्यक सरसामान तथा औजारहरूको बन्दोबस्ती गर्ने ।<br>• आपत्कालीन अवस्था आईपरेमा तुरून्त खरिद गर्न सकिने गरी आपुर्तीकर्ता पहिचान र अनुबन्ध करार गर्ने ।<br>• अस्थायी आश्रय स्थल बनाउन सुविधायुक्त खुला क्षेत्रको पहिचान गरि राख्ने ।<br>• गैर-खाद्य सामग्री सेटहरू भण्डारण गर्ने । बिकास साझेदारहरु संग भएको विवरण अद्यावधिक गरि राख्ने ।<br>• विपद् प्रभावित स्थान वा शिविर खडा गर्नुपर्ने स्थान सम्म सरसामान तथा औजारहरू लैजान सवारी साधनको व्यवस्था गर्न ट्रक , ट्रैक्टर, पिक अप भ्यान तथा बस व्यवसायी समिति संग करार सम्झौता गर्ने गर्ने ।<br>• अस्थायी आश्रय वा वास निर्माणको लागि टोली गठन गर्ने र दक्षता अभिबृद्धिका लागि कृत्रिम घटना अभ्यास गर्ने । |
| **प्रतिकार्यका मुख्य क्रियाकलापहरु**<br><br>आवश्यत्ताको आधारमा विपद् प्रभावित घरधुरिलाई स्थाइ आश्रय स्थल तथा गैहृ खाध सामाग्रि वितरण गर्ने |
| प्रतिकार्य आपूर्ति व्यवस्थापन (अनुसूची १ बमोजिम) |

अनुसूची १ Example of **Shelter Cluster (Please edit and add as it is required)**

| जिल्ला | Tents | Tarpaulins | Umbrella | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Kailali | | 2865 | | | | | | | | | |
| Kanchanpur | | 600 | | | | | | | | | |
| Dadeldhura | | 1000 | | | | | | | | | |
| Doti | | 600 | | | | | | | | | |
| Baitadi | | 750 | | | | | | | | | |
| Darchula | | 450 | | | | | | | | | |
| Bajhang | | 500 | | | | | | | | | |
| Bajura | | 300 | | | | | | | | | |
| Achham | | 50 | | | | | | | | | |
| जम्मा | | 7115 | | | | | | | | | |

Total Population - 2530988

Total HH – 506198

Total case load both flood and landslide – 44,689

Total HH to support shelter – 17875 (40% of case load assumed totally displaced)

Shortfall – 10760.00

Total cost – 10760*6500 = 6,99,40,000.00

# अनुसूचि ५: बिषयगत क्षेत्र- शिघ्र पुर्नलाभको मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना

# सुदूरपश्चिम प्रदेश

मनसुन पूर्वतयारी र प्रतिकार्य योजना

**विषयगत क्षेत्रको योजना फारम २०७८**

| |
|---|
| विषयगत क्षेत्रः Early Recovery (सिध्र पुनर्लाभ) |
| लक्षित जनसंख्याः २२३४४५ |
| संकटापन्न जनसंख्याः २२३४४५ (१९९३१६ वाढी, २४१२९ पहिरो) |
| फरकक्षमता भएको |
| गर्भवती महिला |
| जेष्ठ नागरिक |
| नवजात शिशु |
| बच्चालाई दुध खुवाईरहका आमा |
| प्रजनन उमेरका महिलाहरु |
| **आवश्यक बजेट :** |
| अगुवा विषयगत निकायः पर्यटन उघोग बन तथा वातावरण मन्त्रालय |
| सहायक जिम्मेबार निकायः UNDP /Red Cross |
| विषयगत क्षेत्रका सदस्यहरुः UNICEF, WFP, UNFPA, LWF, NGO Federation, FNCCI, NRCS, SUAAHARA-II, MERCY CROPS and World Vision. |

**सुदूरपश्चिमप्रदेशको प्राकृतिकविपद् पुर्वतयारी र प्रतिकार्यकोलागि क्षत्रगत उदेश्यहरु ??**

सिध्र पुनर्लाभ क्लस्टरको मुल उदेश्य विपद् प्रभावित परिवारलाई स्थायी वा अस्थायी आश्रयस्थलमा जिबनयापनको सहजिकारणकालागि अल्पकालीन र दीर्घकालीन योजनाहरु मार्फत जिविकोपर्जानमा सुधार गर्ने, आयआर्जन बढउन र स्वरोजगार बनाउन सहजिकरण गर्ने तथा उनीहरुमा पर्ने प्रतिकूल बातावरणीय असर कम गर्नुका साथै जीवनका जोखिमहरु घटाउनु रहेको छ ।

साथै विशिष्ट उदेश्यहरु निम्न बमोजिम रहेका छन् ।

**विशिष्ट उदेश्य :**

- विपद्का घटनाहुनासाथ द्रुत लोखाजोखा मार्फत घटनाको बिवरण संकलन गर्ने ।
- विपद्का कारण हुन सक्ने खाध्य असुरक्षा, सुचना तथा श्वास्थ्य सेवा प्रवाहमा अवरोधहरु समाधान गर्ने ।
- समान्य क्षति ग्रस्त भौतिक पूर्वाधार (घरटहरा) संरचनाहरुको मर्मत संभार, सरसफाइ गरि जिवनयापन योग्य बनाउन सर्वेक्षण गर्ने र परिवारको पुनःस्थापनमा सहयोग गर्ने ।
- विपद् प्रभावित तथा विस्थापित परिवार तथा समुदायको पुनःस्थापनाका लागि अल्पकालीन र दीर्घकालीन योजनाहरु निर्माण गर्ने र समाजिक सुरक्षा प्रवर्धन गर्न सघाउने ।

- विपद् प्रभावित, विस्थापित परिवारहरुका लागी आयमुलक, सिपमुलक, रोजगारमुलक योजनाहरु लागु गरि जिविकोपार्जन सहज बनाउने ।

**सुदूरपश्चिमप्रदेशको विपद् पुर्वतयारी र प्रतिकार्यको अनुमानित परिदृश्य तथा योजना?**

……

**उदेश्यहरु प्राप्तिको लागि भुमिका:**

- शिघ्र पुर्नलाभका ग्याप पहिचान र पूर्तिका लागि आवश्यक जिम्मेवारी वाडफाड, समन्वय र सहकार्य गर्ने ।
- सरोकारवाला निकायहरु विच सूचना आदान प्रदान, समन्वय एवं योजना तयारी ।
- कार्यक्रम, योजना र वजेट तर्जुम गरि पुर्वतयारीको गर्ने ।
- आवश्यक सभाग्रिहरुको तयारी तथा भण्डारण गर्ने ।

**भौतिक:, प्राविधिक:, आर्थिक तयारी:**

- Early Recovery कार्यक्रम प्याकेजका सम्भावना अध्यन तथा तयारी ।
- साझेदार पहिचान एवं नक्सांकन ।
- प्रभावीत भएको हुने उच्चच जोखिमको यातायात, विधुत, सिचाई, उत्पादन र वजारीकणको मूल्य  श्रृखलात नक्सांकन र तयारी ।

## पूर्वतयारीका मुख्य क्रियाकलापहरू:

- बिपद् पश्चात गर्नुपर्ने द्रुत लोखाजोखाका लागि फारमहरु अध्यावधिक गर्ने तथा स्वयमसेवकहरु लाई पुर्नताजगि तालिम व्यावस्थापन गर्ने ।
- तत्काल पूनःलाभ गर्नु पर्ने घरधुरी र जनसंख्याको प्रक्षेपण गर्ने ।
- Early Recovery मा काम गर्ने सरोकरावाला निकायहरुको सहकार्यमा क्लस्टर पुर्व तयारी तथा प्रतिकार्य योजना निर्माण गर्ने ।
- विपद् वाट प्रभावीत हुन सक्ने अति विपन्न (संकटासन्न) तथा उच्च जोखिमको क्षेत्रमा रहेका परिवारहरुको वर्गिकृत तथ्याक नक्सांकन गरि बजेटको पुर्वानुमान गर्ने ।
- प्रारम्भिक रुपमा विपद्को लगत्तै छोटो अवधिमा प्रतिफल दिन सक्ने खालका योजनाहरुका लागि प्रदेश भित्र रहेका श्रोतहरु एकिन गर्ने ।
- जिवीकोपार्जनका लागि साना उद्यम, व्यवसाय, स्वरोजगार र रोजगारी सृजना हुने व्यवसाय, तत्काल उत्पादन एवं आय वृद्धि गर्न सकिने योजनाहरुमा सहयोग गर्ने निकायहरुको सुचि तयार गर्ने ।
- संभावित जोखिमलाई ध्यानमा राखि बैंक वा भौचर वाट नगद प्रवाह, कामका लागि खाद्यान्न, आयमुलक योजनाको कार्य प्रकृया र क्षमता विकास गर्ने ।
- विपद्का कारण भएका मृत पशु पंक्षि तथा मानव शवहरुको व्यावस्थापनका लागि आवश्यक पर्ने उपकरण, औसधि लगायत तयारी अवस्थामा राख्ने ।
- दिर्धकालिनरुपमा विपद् जोखिम कमगर्ने तथा जिविकोपार्जनमा सहयोग पुग्ने कृषि, प्राकृतिक श्रोज, तथा अन्य कार्यक्रमहरु लागु गर्न योजना निर्माण गर्ने ।

| |
|---|
| <u>प्रतिकार्यका मुख्य क्रियाकलापहरु</u><br>• विपद् जोखिम न्यूनीकरणको कार्यक्रम कार्यान्वयन गर्न आर्थिक स्रोत व्यवस्थापन गर्ने एकद्वार (One-door) संयन्त्रको सुचारु गर्ने ।<br>• सार्वजनिक सेवा अवरूद्ध भएका भौतिक संरचनाहरूको मर्मत सम्भारका लागि समन्वय गर्ने ।<br>• जिवन यापन सहज बनाउन जिविकोपर्जनका श्रोत तथा सेवाहरूको प्राथमिकिकरण गर्ने ।<br>• नगद प्रवाह, पशुपंछी, विउ विजनआदि सहयोग समुदायमा हस्तान्तरण गर्ने ।<br>• विपद् उन्मुख समाजिक सुरक्षा कार्यक्रमहरु लागु गर्ने ।<br>• आपनकालिन खाध्य सहयोग तथा स्वरोजगार प्रवर्धन हुने कार्यक्रम लागु गर्ने ।<br>• रोजगार गुमाएका हरुको पुर्नस्थापना कार्यक्रमहरु संचालन गर्ने ।<br>• महिला लक्षित आयमुलक योजनाहरु प्रारम्भि गर्ने ।<br>• विपद् प्रतिकार्यमा आईपरेका समस्या तथा सिकाईहरूको बारेमा विषयगत क्षेत्रका सदस्यहरू समिक्षा गर्ने ।<br>• सरकारी तथा गैर सरकारी कार्यक्रमहरुको मुलप्रवाहिराण गर्ने निष्कर्षको आधारमा थप कार्यहरू गर्ने ।<br>• वाललालिका तथा जेष्ठ नागरीक लक्षित कार्यक्रम संचालन गर्ने ।<br>• विपद्को मनो-समाजिक असर कम गर्ने जनचेतना मुलक कार्यक्रम लागु गर्ने ।<br>• परिवारबाट बिछोडिएका सदस्यहरु र अन्य जोखिममा परेका समुह जस्तैः परिवार नभएका, बृद्ध, अपांग तथा दिर्घ रोगबाट पिडित समुहका मानिसहरुलाई हेरचाह तथा संरक्षण प्रदान (खान, वासको व्यवस्था) गर्ने ।<br>• शिविर तथा पुनर्वासका क्षेत्रहरूमा पर्याप्त सुरक्षाका लागि पैरवी (advocacy) गर्ने । |
| प्रतिकार्य आपूर्ति व्यवस्थापन (अनुसूची १ बमोजिम) |

# अनुसूचि ६: बिषयगत क्षेत्र- खानेपानी सरसफाई तथा स्वच्छताको मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना

## खानेपानी सरसफाई तथा स्वच्छता बिषयगत क्षेत्रको (cluster)योजना २०७८

| |
|---|
| बिषयगत क्षेत्र : खानेपानी सरसफाई तथा स्वच्छता |
| संकटापन्न जनसंख्या : २,२३,३४५(बाढी १९९३१६ र पहिरो २४०२९) |
| फरकक्षमता भएको : १३५२ |
| गर्भवती महिला : २७८८ |
| जेष्ठ नागरिक : ४६८४ |
| नवजात शिशु : २९१६३ |
| बच्चालाई दुध खुवाईरहका आमा : ३८३३ |
| प्रजनन उमेरका महिलाहरु : १७४२२ |
| **खानेपानी, सरसफाई तथा स्वच्छता सेवा उपलब्ध गराउन सकिने जनसंख्याः ५१,००० जना**<br>• सुरक्षित खानेपानीको उपलब्ध गराउन सकिने जनसंख्या : ३८,२५० (५१,००० को ७५ प्रतिशत )<br>• सरसफाई र स्वच्छता उपलब्ध गराउन सकिने जनसंख्या : ५१, ००० **जना** |
| **खानेपानी, सरसफाई तथा स्वच्छता प्रतिकार्य का लागि आवश्यक पर्ने जम्मा रकम** : १०,७९,३५,००० ।० <br>उपलब्ध हुन सक्ने रकम तथा सामग्री : रु. २,४५७,५००.०<br>थप आबस्यक पर्ने रकम तथा सामग्री : १०५,४७७,५००.० |
| |
| मुख्य जिम्मेबार निकाय : भौतिक पूर्वाधार तथा योजना मन्त्रालय / आवास, भवन तथा शहरी विकास महाशाखा |
| सहायक जिम्मेबार निकाय : रेडक्रस /युनिसेफ |
| विषयगत क्षेत्रका सदस्यहरु :<br>NRCS, LWF, WFP,UNICEF, World Vision International, NEEDS Nepal, OXFAM, RVWRMP, UNDP, Mercy Corps Nepal, RUDES Baitadi, SUAAHARA II |
| **मुख्य पूर्वतयारीका कार्यहरुः**<br>• WASH Cluster का सरोकारवालाहरुको बैठक बोलाई बाढीपहिरो तथा पानीजन्य उत्पन्न , प्रकोपहरुको मनसुन पूर्वतयारीतथा प्रतिकार्य योजना तयार गर्ने .<br>• प्रकोपको समयमा सुरक्षित खानेपानी र सरसफाई बिषयमा जनचेतना जगाउने .<br>• विपदको समयमा खानेपानीको सुनिस्चितता का लागि आबश्यक पर्ने पाइप, ट्यांकी र आवश्यक सामाग्रीहरुको खरिद, सामान उपलब्ध गराउन सक्ने ब्यापारीहरुको पहिचान, सम्झौता तयारी, अति आबस्यक सामाग्रीहरुको खरिद र उपयुक्त स्थान मा भण्डारण तथा ब्यबस्थापन.<br>• विपदको समयमा खानेपानीको शुद्धीकरणको लागि आवस्यक पर्ने क्लोरिनप्युसब्लिचिंग पाउडर , जस्ता औसधिको उचित भण्डारण गर्ने गराउने<br>• खानेपानी ओसार्ने जम्मा गर्ने र वितरण गर्ने साधनहरु मर्मत सम्भार गरि चालु अबस्थामा राख्ने , |

- आपतकालीन अवस्थामा प्रयोग गर्न सकिने खानेपानीको श्रोतहरु पहिचान र संरक्षण गर्ने
- विपद प्रभावित हरुको लागि आस्थाई आश्रय व्यवस्था हुने ठाउमा चर्पी तथा हात धुने स्थानको पहिचान गर्ने
- स्वयंसेवकको छनोट,क्षेमता अभिवृद्धि तथा परिचालन का लागि रोस्टर कायम गरि अभिलेख राख्ने,

**प्रतिकार्यका कार्यहरुः**

- प्रकोप भएको बेला सर्वेक्षण टोलीमा प्रतिनिधि पठाई खानेपानी तथा सरसफाइ का संरचना मा भयको क्षेती सर्भेक्षण तथा आबस्यकता पहिचान कार्यमा सहभागी हुने र सहयोग गर्ने .
- द्रुत सर्भेक्षण का आधारमा प्रभावित परिवारलाई आबस्यकता अनुसार खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धि सामग्री ( पाइप, फिटिंग, पानी भण्डारण का लागि ट्यांकी), खानेपानी शुद्दीकरणका लागि प्युस,/अक्वटयाव /जग, स्वच्छता सामग्री तत्काल उपलब्ध गराउने .
- विपद प्रभावित क्षेत्र वा शिविर संचालन भयको क्षेत्रमा सुरक्षित खानेपानी, सरसफाई तथा स्वच्छताको  को प्रबन्ध गर्ने गराउने .
- विपद प्रभावित क्षेत्रमा महामारी फैलन नदिन, तालिम प्राप्त स्वयंसेवक परिचालन गरि जनचेतना अभियान संचालन गर्ने,
- विपदका कारण सृजित फोहोर ब्यबस्थापन को कार्य गर्ने गराउने
- विपद प्रभावित हरुको लागि स्थाई आश्रय व्यवस्था भयको  ठाउमा महिला, बालबालिका तथा अपाङ्गता भयका व्यक्ति हरुकालागी उपयुक्त सुविधा सहितका चर्पी तथा हात धुने व्यबस्था गर्ने गराउने
- प्रभावकारी प्रतिकार्य का लागि अन्य निकाय तथा क्लस्टर हरुसंग सहकार्य र समन्वयस्थापित गर्ने,
- खानेपानी, सरसफाई तथा स्वच्छता प्रबर्धन क्षेत्रको प्रतिकार्यको समिक्षा गरि प्रतिबेदन तयार गर्ने

**प्रतिकार्यका लागि जम्मा आवश्यक हुन सक्ने कुल लागतः**

| सामाग्रीहरु | एकाइ | परिमाण | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| हाइजिन किट | सेट | १०००० | २००० | २०,०००,००० | |
| आक्वा ट्याब | प्याकेट | १०,२०० | ३०० | ३,०६०,००० | १ प्याकेटमा ५० वोटा हुन्छ र १ ट्याब ले ५ लिटर सफा गर्छ |
| ब्लिचिंग पाउडर | ब्याग | १०० | ३५०० | ३५०,००० | |
| प्युश | बोतल | ५,००० | २५ | १२५,००० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| बाल्टी तथा मग | सेट | १०,००० | ५०० | ५,०००,००० | | |
| अस्थाई शौचालय | सेट | ५०० | १०,००० | ५,०००,००० | | |
| पानी ट्यांकी | सेट | ५०० | ४०,००० | २०,०००,००० | | |
| पाइप तथा फिटिंग | सेट | ५०० | १०,००० | ५०,०००,००० | | |
| सचेतनामुलक संदेश उत्पादन र प्रसारण | Episode | १० | १०,००० | १००,००० | | |
| IEC तयारि, उत्पादन तथा वितरण | Types of supplies | ५ | ६०,००० | ३००,००० | | |
| स्वयंसेवकको क्षेमता बिकाश तथा परिचालन १ महिना का लागि | व्यक्ति | १०० | ४०,००० | ४,०००,००० | | |
| **जम्मा** | | | | **१०७,९३५,०००.०** | | |

## प्रतिकार्य आपूर्ति व्यवस्थापन को लागि नगदको व्याबस्थाः

| सहयोगी निकाय | नगद रकम | वितरण गरिने निकाय |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

## प्रतिकार्य आपूर्ति व्यवस्थापन को लागि सामानको व्याबस्थाः

| क्र. सं | सामग्रीको नाम | ईकाइ | कुल आवश्यकता | भौतिक मन्त्रालय | युनिसेफ/रेडक्रस | रेडक्रस | RVWRMP | NEEDS NEPAL | SUAAHARA II | Wealthhungerhil | WFP | स्ईश, बैतडी | कुल उपलब्धता | नपुग सामाग्री | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | हाइजिन किट | सेट | १०,००० | | १५०० | ५० | | ५० | | | | | १६०० | ८४०० | |
| २ | अक्वा ट्याप | प्याकेट | १०,२०० | | १००० | | | | | | | | १००० | ९२०० | |
| ३ | ब्लिचिंग पाउडर | किलो | १०० | | | | | | | | | | | १०० | |
| ४ | पिउस | बोतल | ५००० | | ५०० | | | | | | | | ५०० | ४५०० | |
| ५ | बाल्टी मग | सेट | १०,००० | | १३०० | २०० | | २५० | | | | | १७५० | ८२५० | |
| ६ | अस्थाई शौचालय सेट | सेट | ५०० | | २० | | | ५ | | | | | २५ | ४७५ | |
| ७ | पानी टंकी | सेट | ५०० | | | | | | | | | | | ५०० | |
| ८ | पाइप तथा फिटिंग | सेट | ५०० | | | | | | | | | | | ५०० | |
| ९ | विपद सचेतनामुलक संदेश उत्पादन र प्रसारण | episode | १० | | १० | | | | | | | | १० | ० | |
| १० | IEC वितरण | फ्लेक्स संख्या | ५ | | ५०० | | | | | | | | ५०० | ० | |
| | डिग्निटी किट | सेट | १०,००० | | | २०० | | | | | | | २०० | ९८०० | |
| ११ | स्वयंमसेबक परिचालन | जना | १०० | | | १८० | | | | | | | १८० | ० | |

# अनुसूचि ७: बिषयगत क्षेत्र- खोज उद्धार तथा आपतकालिन सञ्चारको मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना

नेपाल सरकार
गृह मन्त्रालय
सशस्त्र प्रहरी बल
नं. ७ बैद्यनाथ

# सशस्त्र प्रहरी बल, नेपाल नं. ७ बैद्यनाथ बाहिनी मुख्यालय कैलाली

फोन नं.:- ०९१-५५०४७०
फ्याक्स नं.:- ०९९-५५०४९९
ईमेल:-Kailali_n7bdg@apf.gov.np

गोदावरी नगरपालिका-१ अत्तरिया, कैलाली

पत्र संख्या : (०७७/०७८)/ १४०२

मिति २०७८।०३।२४ गते ।

श्री आन्तरिक मामिला तथा कानुन मन्त्रालय, सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली ।

बिषय: खुलाई पठाईएको सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा मजकुर आन्तरिक मामिला तथा कानून मन्त्रालय, सुदूरपश्चिम प्रदेश धनगढी, कैलालीको पत्रसंख्या २०७७/०७८ चलानी नं. १२२३ मिति २०७८।०३।३० गतेको पत्रादेशानुसार यस प्रदेशमा मनसुन पूर्व तयारी र प्रतिकार्य योजना २०७८ मा समाबेश गर्नु पर्ने तथ्याङ्क उक्त पत्र साथ संलग्न ढाँचामा तयार गरी पाना थान-४ (चार) यसै पत्रसाथ संलग्न राखि पठाईएको व्यहोरा सादर अनुरोध गरिएको छ।

(जहर सिंह बुढामगर )
सशस्त्र प्रहरी उपरिक्षक
निमित्त बाहिनीपति

# सुदूरपश्चिम प्रदेश
# मनसुन पूर्व तयारी र प्रतिकार्य योजना
## बिषयगत क्षेत्रको योजना फाराम २०७८

| |
|---|
| बिषयगत क्षेत्रः- खोज, उद्दार तथा आपतकालीन संचार तथा बन्दोबस्ती |
| लक्षित जनसंख्याः-१३,९३,७१८ |
| संकटापन्न जनसंख्याः-२,०४,०३८. |
| आवश्यक बजेटः- आवश्यक बजेटको हकमा मजकुर मन्त्रालयबाटै बजेट बिनियोजन गरिदाँ उपयुक्त हुने। |
| अगुवा बिषयगत निकायः- आन्तरिक मामिला तथा कानून मन्त्रालय |

<u>सुदूरपश्चिम प्रदेशको मनसुन पूर्वतयारी र प्रतिकार्यको अनुमानित परिदृष्य तथा योजना ? संक्षिप्त</u>

विपद्को समयंमा प्रभावितहरुलाई सहयोगको आवश्यकता पर्दछ, त्यो आवश्यकता कुनै एक निकायबाट मात्र पुरा गर्न सकिदैन । यस सहयोगलाई अझै चुस्त दुरुस्त रूपमा लक्षित समुहसम्म पुऱ्याउन सरकारी, अर्धसरकारी, गैर सरकारी निकायहरूको आपसी समन्वय जरुरी छ । मनसुनजन्य विपद्, पहिरो, बाढी, चट्याङ, हावाहुरी र सडक दुर्घटना दोहोरिरहने तथा बर्षेनी आइरहने प्रकोपका रुपमा रहेका छन् । यस प्रदेशको पहाडी भू-भाग, भिरालो जमिन, चुरे क्षेत्रको खेतियोग्य जमिन तथा वन जंगल दिनानुदिन बाढी पहिरोका कारण बिनास हुँदै गएको छ । वर्षातमा खहरे खोलाले एकातिर पहाडी क्षेत्रको माटोलाई बगाएर लैजान्छ भने अर्कोतिर पहाडी भेगबाट बगाई ल्याएको बालुवा, ढुङ्गाहरू समथर क्षेत्रको भूमिमा थुपारी दिने गर्दछन् जसले गर्दा उब्जाउ भूमिहरू दिन प्रतिदिन मरुभूमिमा परिणत हुँदै गएका र पहाडी जिल्लाहरुमा भिरालो स्थानमा परम्परागत प्रविधिव्राट घर निर्माण गरिनु, वनजङ्गलको फडानी तथा विना प्राविधिक डोजरद्वारा सडक निर्माण गरिएका कारण बाढी पहिरोको उच्च जोखिम हुनु, भौगोलिक बनावटका कारण भूकम्पिय जोखिममा समेत रहेको । यसका अतिरिक्त यस प्रदेशमा रहेका ठुला नदीहरु, खहरे खोलाहरु तथा उत्तर चुरे पहाडबाट दक्षिणतिर बग्ने नदीहरू र क्रतिपय वर्षे खोलाहरूबाट बाढी प्रकोप हुने गरेकाले समुदायहरूमा ठूलो मात्रामा वर्षातको समयमा बाढी पहरो आई डुबान र कटानबाट धनजनको क्षति हुने गरेको छ ।

विपद् व्यवस्थापन र जोखिम न्यूनीकरण तथा मनसुन पूर्वतयारीका लागि केन्द्र, प्रदेश देखि स्थानीय तहसम्म संस्थागत संरचनामा सुधार गरी विपदको सामना गर्ने क्षमता अभिवृद्धि गर्दै सुरक्षित संस्कृतिको विकासमा अगाडि बढ्नु आवश्यक देखिन्छ । विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धि विभिन्न ऐन, नीति नियम, रणनिती तथा कार्ययोजना जस्ता दस्तावेजहरुका मार्गदर्शन, नगरपालिका तथा गाँउपालिकाको कार्यालय र स्थानियहरुबाट संकलित सूचनाको समेत आधारमा बाढी, पहिरो, डुबान जस्ता विपद्लाई दृष्टिगत गरी पुर्व तयारी तथा सावधानीहरु अपनाई विपद्को समयमा गरीने खोज तथा उद्धार कार्य, राहत वितरण तथा प्रभावितहरुलाई राहत संकलन साथै विपद् पश्चात गर्न सकिने मानबिय सहयोग एवं पुनःनिर्माण र पुर्नस्थापनाको क्षेत्रमा गर्न सकिने सल्लाह सुझाव समन्वय, सहयोग र सुरक्षाका लागि जोखिम युक्त स्थानहरुको पहिचान र प्रतिकार्य गर्ने संस्थाहरुको क्षमता विश्लेषण गर्नु आवश्यक हुन्छ । साथै मनसुन पुर्व तयारी र प्रतिकार्य योजना निर्माण गर्दा प्रदेशमा रहेका सम्पूर्ण सरकारी तथा गैर सरकारी संघसंस्थाहरुलाई समेट्दै प्रत्येक निकायको जिम्मेवारीहरु बाडफाँड गर्दै एक आपसमा अन्तर समन्वय गरि खोज तथा उद्दार कार्यमा सहभागि हुनु पर्दछ ।

<u>भौतिक, प्राबिधिक, आर्थिक तयारीः-</u>

- बिपद् पश्चात पुर्नस्थापनका लागी सुरक्षित भवनहरुको पहिचान गरिएको ।
- पुर्नस्थापना तथा स्थानान्तरणका लागी टेन्ट पाल तथा अन्य बन्दोबस्ति सामाग्री तयारी हालतमा राखिएको ।

➢ बिपद् प्रतिकार्यमा प्रयोग गर्न सकिने गरी ह्याभि ईकुमेन्ट तयारी अवस्थामा स्टेनवाई रहेको ।

➢ प्राविधिक तर्फ आवश्यक पर्ने जनशक्ति (मेडिकल, ड्राईभर र **Rescue Team**) लाई स्टेनवाई राखिएको ।

➢ बिपद् मा आवश्यक पर्ने औषधी तथा अन्य स्वास्थ्य सामाग्री तयारी हालतमा राखेको ।

**मौजुदा जनशक्ति व्यवस्थापनको अवस्था:-**

यस बाहिनी तथा मातहत ईकाईहरुबाट विपद व्यवस्थापनमा खटिन सक्ने जनशक्ति विवरण

| दर्जा | सि.अ. | जु.अ. | अन्य दर्जा | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| संख्या | १३ | १८ | ११६ | १४७ | बिपद् ब्यवस्थापन तालिम प्राप्त |
| | ५४ | २३८ | १९२५ | २२१७ | अन्य खटिन सक्ने सप्रकहरु |
| जम्मा | ६७ | २५६ | २०४१ | २३६४ | |

**खोज तथा उद्दार सामाग्रीको अवस्था:-**

| सि.नं. | सामानको नाम | संख्या | सि.नं. | सामानको नाम | संख्या |
|---|---|---|---|---|---|
| १. | मोटर बोट | २ वटा (बेसाबुत) | १३. | रोटेटरी रेस्क्यु स | ३ वटा |
| २. | रवर वोट | ५ वटा | १४. | सर्कुलर स | १ वटा |
| ३. | हेल्मेट | ४०० | १५. | थ्रो ब्याग | ४२ वटा |
| ४. | रोप | १८०० मिटर | १६. | पुली | ४ वटा |
| ५. | स्ट्रेचर | ३८ वटा | १७. | रबर बुट/सेप्टी बुट | ८५/१५ जोर |
| ६. | लाईभ ज्याकेट | ५२० वटा | १८. | पम्प | ६ वटा |
| ७. | फिगर ८ क्याराविना | २० वटा | १९. | सर्च लाईट | १० वटा |
| ८. | क्याराविना | ८६ वटा | २०. | पिग | ६८ वटा |
| ९. | **Bolt Cutter** (फलाम काट्ने) | १० सेट | २१. | सावेल | १०४ वटा |
| १०. | ईलेक्ट्रिक चेन स | ४ वटा | २२. | स्काभेटर | १ वटा |
| ११. | पेट्रोल चेन स (रुख कटर) | ४ वटा | २३. | गल | २५ वटा |
| १२. | चिपिङ हेम्मर ड्रिल | ६ वटा | | | |

➢ स.प्र.बल, नेपाल बैद्यनाथ बाहिनी लगायत मातहत युनिटहरुमा भएका खोज तथा उद्दारका सामानहरु प्रयाप्त मात्रामा नभएको र भएका कतिपय खोज तथा उद्दारका सामाग्रिहरु पुरानो हुदै गई जिर्ण अवस्थामा रहेकोले समयमै खोज तथा उद्दारका कार्यहरु गर्न कठिनाई हुदै आईरहेको छ । समयमै खोज उद्दार तथा आपतकालिन संचार तथा बन्दोबस्तीका लागि मजकुर मन्त्रालयबाट यस बाहिनी तथा मातहत युनिटहरुमा अपुग खोज तथा उद्दारका निम्नानुसारका खोज तथा उद्दारका सामाग्रिहरु उपलब्ध गराईनु पर्ने ।

निम्न

| सि.नं. | सामानको नाम | संख्या | सि.नं. | सामानको नाम | संख्या |
|---|---|---|---|---|---|
| १. | रवर वोट (कम्प्लिट सेट) | १० वटा | २२. | गोताखोर अक्सिजन सिलिन्डर | १० थान |
| २. | रबर मोटर बोट (कम्प्लिट सेट) | ७ वटा | २३. | **Wet Suit** | ६० थान |
| ३. | चेन स: | १० वटा | २४. | **Life Buoy** | १५ थान |
| ४. | बोल्ड कटर | १५ वटा | २५. | **Tube** | ६० थान |
| ५. | गोताखोर सुट | ५ सेट | २६. | सिट हार्नेस | ५० थान |
| ६. | हेल्मेट | ३०० थान | २७. | चेष्ट हार्नेस | ५० थान |

| | | | | | |
|---|---|---|---|---|---|
| ७. | पंजा (रवर+कपडा) | २०० जोर | २८. | जुमर | १३ थान |
| ८. | स्ट्रेचर | ३० वटा | २९. | फिगर 8 क्याराविना | ५० थान |
| ९. | थ्रो-ब्याग | ५० वटा | ३०. | **Static Rope** | ५० रोल |
| १०. | फस्ट एड बक्स | २० वटा | ३१. | **Disaster knife** | २५ थान |
| ११. | सर्च लाईट | ५० वटा | ३२. | ड्रिल मेसिन | १५ थान |
| १२. | जेनेरेटर | १३ वटा | ३३. | फरुवा | २०० थान |
| १३. | क्याराविना | १०० थान | ३४. | साबेल | २०० थान |
| १४. | डाईनामिक रोप | ५० क्वाईल | ३५. | चेक सःको चेन | २५ थान |
| १५. | लाईफ ज्याकेट | ३०० पिस | ३६. | **Key whole saw** | १० थान |
| १६. | कम्प्रेसर | २ वटा | ३७. | **Fire blanket** | ५० थान |
| १७. | पानी चप्पल | ३०० जोर | ३८. | **Fire extinguisher** | ६० थान |
| १८. | त्रिपाल | २५० थान | ३९. | रेनकोट | ३०० थान |
| १९. | ड्रोन क्यामेरा | १० थान | ४०. | पानी बुट | ३०० जोर |
| २०. | वाटर ब्याग | ५० थान | ४१. | मेघाफोन | २६ थान |
| २१. | बरिङ | १५ थान | | | |

पूर्व तयारीका मुख्य क्रियाकलापहरुः-

- स्थानको पहिचान ।
- जोखिमको अनुमान ।
- रोकथामका उपायको अवलम्बन ।
- चुस्त सुचना प्रणाली ।
- विपद् व्यवस्थापन सम्बन्धि अनुशिक्षण तालिम संचालन ।
- युनिट स्तरमा ड्राई रिहर्सल संचालन ।
- सम्बन्धित सरोकारवाला निकायहरुसँग समन्वय ।
- विपद् पश्चात् पुर्नस्थापना तथा पुर्नवासका लागी अस्थायी आवास निर्माण ।
- सम्भावित क्षेत्रहरुको पहिचान तथा संवेदनशिलता वर्गिकरण ।
- विपद् व्यवस्थापनका आवश्यक सामाग्री सहित टोली स्टेण्डवाई ।
- प्राथमिक उपचारका सामाग्रीहरु सहित मेडिकल टोलिको व्यवस्था ।
- सम्भाबित बिपद् प्रकोप हुन सक्ने स्थान नजिकका विद्यालयहरुमा गई बिपद् प्रकोप क्षति न्युनिकरण सम्बन्धि जनचेतना मुलक कक्षा संचालन गर्ने ।
- बिपद् कार्यसंग सम्बन्धित अभ्यास (**Command Post, Live Exercise**) गराई फौजलाई तयारी हालतमा राखे ।
- प्रभावित स्थानसम्म जाने मुख्य तथा बैकल्पिक मार्गहरुको पहिचान गर्ने ।
- आकस्मिक कक्ष, उपचार केन्द्र, सूचना सम्प्रेषण कक्ष तथा राहत बितरण कक्षहरुको उपयुक्त स्थान छनौट गर्ने।
- जल तथा बर्षा मापन केन्द्रहरुको अवस्था अध्यावधिक तथा आवश्यक भएमा मर्तत सम्भार गर्न पहल गर्ने ।
- सुरक्षा निकायहरुको तार बिहिन संचार **Wireless Communication** संजाललाई भरपर्दो बनाउने र बिस्तार गर्ने ।
- आपतकालिन कार्य संचालन केन्द्रसंग निरन्तर संचारको ब्यवस्था र संजालको स्थापना गर्ने ।
- सुचनाको प्रचार-प्रसारका लागि संचार माध्यमको क्षमता बृद्धी र समन्वय प्रणाली बिस्तार गर्ने ।
- खोज तथा उद्धार सामाग्रीहरु खरिद, भण्डारण, मर्मत सम्भार तथा ब्यवस्थापन गर्ने ।

- बाढी, डुबान, पहिरो, आगलागि र भुकम्प, हावाहुरी र चट्याङ आदिको प्रकोपबाट समुदायमा पर्न सक्ने असर र सो बाट बच्ने उपायहरुका बारेमा जनचेतनामुलक कार्यक्रम संचालन गर्नका लागि बिकास साझेदारीहरुलाई प्रोत्साहित गर्ने ।
- बिगतका बिपद् सम्बन्धि घटनाको आधारमा उद्धार गर्नु पर्ने स्थलको एकिन गर्ने जोखिम नक्शाङ्कन गर्ने ।
- खोज तथा सहज उद्धारका लागि आबश्यक पर्ने ठुला उपकरण तथा औजारहरुको ब्यवस्था गर्ने ।
- सम्भावित आश्रय स्थलसम्म बिपद्का बेलामा समाग्री ढुवानीका लागि बैकल्पिक सडक मार्गको पहिचान गरी राख्ने।
- अन्य सुरक्षा निकाय, सरकारी तथा गैर सरकारी संघ-संस्थाहरुसँग मिलेर पूर्व तयारीको लागि संयुक्त विपद् व्यवस्थापन सम्बन्धि अभ्यास, डमोस्ट्रेशन, सेमुलेशन संचालन गर्ने ।

**प्रतिकार्यका मुख्य क्रियाकलापहरुः-**

- समयमै उद्धार कार्यमा सहभागी हुने ।
- विपद् ईलाकामा परिचालन भई विपद्मा परेका व्यक्तिको खोजी गरी उद्धार गर्ने ।
- घाईतेको उद्धार तथा उपचारको व्यवस्थापन गर्ने ।
- क्षतिको आकलन तथा अभिलेखिकरण गर्ने ।
- पुर्नस्थापनामा सहयोग गर्ने ।
- विपद् पश्चात् हुने राहत वितरण कार्यमा सुरक्षा प्रदान गर्ने ।
- विपद् पश्चात हुने विकास निर्माणको कार्यमा सहयोग तथा सुरक्षा प्रदान हुने ।
- जोखिमयुक्त ईलाकाहरुको दैनिक बस्तु स्थितको बारेमा अध्यावधिक तथा निग्रानि गरि राख्ने ।
- खतराको मुल्याङ्कन तथा सूचना प्राप्त गरी सोही अनुसार टिमलाई प्रत्यक्ष रुपमा खटिएको कमाण्डरले निग्रानी तथा कमाण्ड गर्ने ।
- सूचना संकलन तथा अवस्थाको प्रतिबेदन तयार गर्ने ।
- शान्ति सुरक्षालाई कायम राख्नको लागि आवश्यक सुरक्षाको ब्यवस्था मिलाउने ।
- राहत सहयोग सामाग्रीहरुको बितरणको लागि आवश्यक ब्यवस्थापन तथा तयारी गर्नुका साथै सुरक्षा प्रदान गर्ने।
- अन्य सुरक्षा निकायहरु बिंच आपसी समन्वय गरि टोली परिचालन गर्ने ।
- आकस्मिक कक्ष, उपचार केन्द्र, सूचना सम्प्रेषण कक्ष तथा राहत बितरण कक्षहरुको स्थापना गर्ने ।
- अस्थायी शिबिर संचालनको लागि ब्यवस्थापन गर्ने ।
- खोज तथा उद्धार कार्यमा खटीएको टोलीको रिलिपको लागि थप जनशक्तिको ब्यवस्था मिलाउने ।

**अन्यः-**

- बिधालय र सामाजिक स्तरमा विपद् व्यवस्थापन र जल उत्पन्न प्रकोप सम्बन्धि जनचेतनामुलक कक्षा र अभ्यास संचालन गर्न प्रशिक्षक र अन्य श्रोत प्रदेश स्तरबाट व्यवस्था गर्नु पर्ने ।
- जल उत्पन्न प्रकोपको दिगो समाधानका लागि बित्त सहितको समिति गठन गरी आवश्यक व्यवस्थापन गर्ने ।
- तटिय र जोखिम युक्त क्षेत्रको बस्ती स्थानान्तरण व्यवस्थापनका लागि आवश्यक योजना निर्माण गरी बार्षिक रुपमा बजेट छुट्टयाई कार्यान्वयन गर्ने ।

E-mail: sudurpaschimstatepolice.karya@gamil.com
contact No : 091-524998
CUG. No. 9858490050, IP 3103

**प्रहरी संचार**

| | | | |
|---|---|---|---|
| बाट | सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय धनगढी, कार्य शाखा। | प्राथमिकता | OJ/AJ/TJ/MJ/ |
| लाई | आन्तरिक मामिला तथा कानून मन्त्रालय, सुदूरपश्चिम प्रदेश धनगढी। | सि.न. | |
| बोधार्थ | | मिति र समय | |

तालुक कार्यालयको च.नं. १२२३, मिति २०७८।०३।२० गतेको पत्र सम्बन्धमा माग बमोजिमको विवरण निम्नानुसार खुलाई पठाईएको व्यहोरा सादर जाहेर (०)

**निम्न :-**

**सुदुर पश्चिम प्रदेश**

मनसुन पुर्वतयारी र प्रतिकार्य योजना

बिषयगत क्षेत्रको योजना फारम २०७८

**बिषयगत क्षेत्र** : खोज उद्धार तथा आपतकालीन सञ्चार तथा बन्दोबस्ती

**लक्षित जनसख्या** :-

**संकटापन्न जनसंख्या:-**

**आवश्यक बजेट**:-

**अगुवा बिषयगत निकाय** : आन्तरिक मामिला तथा कानून मन्त्रालय।

**सुदुर पश्चिम प्रदेशको मनसुन पुर्व तयारी र प्रतिकार्यको अनुमानित परिदृश्य तथा योजना ? संक्षिप्त** : सुदूरपश्चिमको विपद्को इतिहास अध्ययन गर्ने हो भने बाढिबाट पहाडी ८ जिल्लाहरुका अं. १५५ स्थानहरु जोखिममा रहेका र कञ्चनपुरको शुक्लाफाटा न.पा. पुर्ण रुपमा र मोहना नदिका छेउछाउका बस्तिहरुमा बाढी, कटान र डुवान बाट क्षती हुने गरेको, पहिरोबाट ७ वटा पहाडि जिल्लाहरुका अं. २०२ स्थानहरु बढी प्रभावित हुने गरेको र कैलाली जिल्लाको चुरे गा.पा. र मोहन्यल गा.पा. मा समेत पहिरोबाट क्षति हुने गरेको पाईन्छ। चट्याङबाट यस प्रदेश अन्तर्गतका अं. ७० स्थानहरुमा बढी जोखिम रहने गरेको छ। यस प्रदेश अन्तर्गत भूकम्प, बाढी तथा पहिरो, हुरिबतास, चट्याङ, आगलागी, शितलहर, माहामारी, सर्पदंश, सडक दुर्घटना आदि मुख्य विपदमा पर्दछन्। यसरी बर्षेनी घटिरहने साना तथा ठूला विपद्हरुका विभिन्न घटनाहरु मध्ये बाढी पहिरो प्रमुख विपद्को रुपमा रहेकोले यसबाट हुने क्षति न्युनिकरण, रोकथाम, तथा बिपद् पश्चात तुरुन्त उद्दार कार्य र सुरक्षित स्थानमा पुनर्स्थापनाका लागि योजना बनाई अगाडी बढ्नु पर्ने आवश्यकता रहेकोले मनसुन पुर्व तयारी र प्रतिकार्य योजना तयार गर्न आवश्यक देखिन्छ।

**भौतिक :** बिपद् प्रयोजनको लागि यस प्रदेश अन्तर्गरका प्रहरी कार्यालयहरुमा उपलब्ध निम्नानुसारका भौतिक स्रोत साधनहरु रहेका छन।

**निम्न:-**

लाईफ जाकेट, ट्यूब, बेल्चा, फरुवा, सब्बल, गैटी, स्टेचर, हेल्मेट, पानी बुट, पन्जा, आरा, डोरी, हेम्बर, बन्चरो, उड कटर मेसिन, बाल्टी, ऱ्याफ्टिङ बोर्ड (रबर बोर्ड), हसिया, फायर ग्यास, मेगाफोन, रेनकोर्ट, साबेल, हेड लाईट, घन, साबेल, अग्निनासक यन्त्र, त्रिपाल आदी।

**प्राबिधिक** :- यस प्रदेश अन्तर्गतका बिभिन्न ठुला नदीहरुमा पानीको बहाव नाप्ने गेजहरु र कुनै स्थानमा नदिको छेउमा रहेका भित्तामा मिटर अंक, करेन मिटर जडान गरिएको छ।

**आर्थिक तयारी :-** यस प्रदेश प्रहरी कार्यालय तथा मातहत प्रहरी कार्यालयहरुमा विपद् उद्धार सम्बन्धि छुट्टै बजेट को ब्यवस्था नरहेको तथापि आवश्यक पर्ने न्युनतम स्रोत साधनको व्यवस्थापन प्रहरी कार्यालयको आन्तरिक बजेटबाट गर्ने गरिएको।

**मौजुदा जनशक्ती व्यवस्थापनको अवस्था :-**

१. यस प्रदेश प्रहरी कार्यालय मातहतका प्रहरी कार्यालयहरुको वडा एरीयाहरुमा कुनै पनि घटना, दुर्घटना हुना साथ तत्कालै प्रहरी परीचालन गरी पिडितलाई उद्धार गर्न प्रहरी अधिकृत समेतको Quick Response Team परीचालनको ब्यवस्था गरिएको ।

२. यस प्रदेश अन्तर्गतका प्रहरी कार्यालयहरुमा बिपद् सम्बन्धी व्यवस्थापन र प्रतिकार्यको समन्वयका निमित्त नौ वटै जिप्रकाहरुमा बिपद् व्यवस्थापन Focal Officer को व्यवस्था गरिएको

३. विपद् उद्दारको लागि दक्ष जनशक्तीको पहिचान गरी यस प्रदेश मातहतका सम्पुर्ण युनिटहरुबाट आवश्यक जनशक्ति स्टेनवाईमा राख्ने गरेको जस्तै: सुप प्रदेश प्रहरी कर्यालयमाः- ५० जना, प्रदेश दनिप्रगणमाः- ५० जना, प्रदेश सप्रगणमाः- ५० जना, जिप्रकाहरुमा २५/२५ जना, "क" श्रेणीको ईप्रकाहरुमाः- १५/१५ जना, गुल्महरुमाः- ३०/३० जना, आवश्यकता अनुसार अन्य प्रहरी इकाईहरुबाट तत्काल परिचालन हुन सक्ने गरि टोली स्टेनबाई रहने गरेको ।

**खोज तथा उद्धार सामग्रीको अवस्था** : उपलब्ध सामाग्रीहरु तयारी अवस्थामा राखिएको ।

**पुर्व तयारीका मुख्य क्रियाकलापहरु :-**

१. बिभिन्न मितिमा स्थानिय तहहरु सँग पटक पटक बिपद्को समयमा बच्न सकिने उपायहरु सम्बन्धमा छलफल गर्ने गरिएको ।

२. यस प्रदेश अन्तर्गत बिपद् बाट जोखिमयुक्त स्थानहरुमा बृक्षारोपण लगायतका कार्यक्रमहरु गरिएको ।

३. सुरक्षा निकाय तथा सरोकारवाला निकायहरुसंग विपद् पुर्व तयारी अभ्यास गरिएको, विभिन्न सचेतनामूलक कार्यक्रम मार्फत सुरक्षाका उपायहरु अपनाउन लगाईएको, प्रभावित हुनसक्ने तथा संभावित जोखिमयुक्त स्थानको पहिचान गरी उक्त क्षेत्रमा बसोबास गर्ने स्थानीयहरुलाई सतर्क रहन सुझाव दिईएको ।

४. मातहत प्रहरी ईकाई निरीक्षण तथा ब्रिफिङ्गका क्रममा प्रहरी जनशक्तिलाई बिपद्को अवस्था बारे जानकारी गराउनका साथै खोज तथा उद्दार कार्यमा सक्रिय सहभागिताका लागि उत्प्रेरित गरिएको ।

**प्रतिकार्यका मुख्य क्रियाकलापहरु :-**

१. यस प्रदेश मातहतका जिल्लाहरु स्थित नेपाल रेडक्रस सोसाईटी, राजनितिक दल, स्थानीय तह, उद्योगी, व्यापारी र नागरिक समाजका प्रतिनिधि, पत्रकार, सामाजिक संघसंस्था तथा प्रभावित क्षेत्रका जनप्रतिनिधिहरूको सहाकार्य तथा सहभागितामा समन्वयात्मक वातावरण निर्माण गरिएको ।

२. बिगत देखि निरन्तर रुपमा अगुवा सहयोगी संस्थाका रुपमा रहेका बिभिन्न स्वदेशी तथा बिदेशी संघसस्था र नेपाल रेडक्रस सोसाइटी संग समन्वय ।

३. बिपद्को समयमा प्रभावित क्षेत्रहरुका नागरिकहरुका लागि अस्थाई रुपमा बसोबासका लागि जिल्लाहरुले सुरक्षित स्थानहरुको छनोट गरेको ।

**अन्य :-**

मिति २०७८।०३।२५ गते।

प्रहरी नायब उपरीक्षक
(भरत बहादुर चौधरी)